महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

पिपरा गाउँपालिका
महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नंबर १ र प्रदेश नंबर २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७८।७९
च. नं. ११५

मितिः २०७८।५।४

श्री अध्यक्षज्यु
पिपरा गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा,महोत्तरी।

बिषयः लेखापरीक्षण प्रतिबेदन

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस गाउपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नंबर १ र प्रदेश नंबर २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं.:५९

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा,महोत्तरी।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले पिपरा गाउपालिका, महोत्तरी आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना ३६ यसैसाथ संलग्न छ ।

२. लेखापरीक्षणबाट रु ४२ करोड ५६ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४८ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १० करोड ३१ लाख ७३ हजार नियमित गर्नुपर्ने रु.४ करोड २२ लाख ३७ हजार जिम्मेवारी रु १५ करोड ७२ लाख ९८ हजार पेश्की बाँकी रु ११ करोड ८० लाख ९१ हजार रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

पिपरा गाउपालिका, महोत्तरी

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

दफा	लेखापरीक्षणबाट देखिएका ब्यहोरा	बेरुजू रकम
	परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पिपरा गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाँउपालिकाको उद्देश्य रहेको छ । पिपरा गाउँपालिका अन्तर्गत ७ वडा ३९ सभा सदस्य, ३९.९८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५ हजार ५२४ जनसंख्या रहेको छ ।	
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।पिपरा गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७६।७७ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ । पिपरा गाउँपालिका प्राप्ति र भुक्तानी हिसाब आर्थिक वर्ष: २०७६।७७	

बिवरण	टिप्पणी	यो बर्ष (रु) बजेट	यो बर्ष (रु) आफैले गरेको भुक्तानी	यो बर्ष (रु) बस्तुगत/सोझै भुक्तानी	यो बर्ष (रु) जम्मा	गत बर्ष (रु) आफैले गरे	गत बर्ष (रु) बस्तुगत/सोझै भुक्तानी आफैले गरेको भुक्तानी	गत बर्ष (रु) जम्मा
१	२	३	४	५	६=४+५	७	८	९=७
प्रासी (क + ख)		७४५७६०७१७	६३५२३८०७९		६३५२३८०७९	०	०	०
क.प्रासी(संञ्चितकोषमा आम्दानी बाँधिने)		४५८१६४६२२	५२८९७३७३०		५२८९७३७३०			
कर राजश्ब	११	८५२५९०००	५६४५५१३६.५८		५६४५५१३६.५८			
१३००० अनुदान		३४७९००६२२	३१२००४०००		३१२००४०००			
संघिय सरकारबाट प्राप्त	१२	३३०५३०६२२	२९४६३९०००		२९४६३९०००			
प्रदेश सरकारबाट प्राप्त	१२	१७३६५०००	१७३६५०००		१७३६५०००			
जनसहभागिता		५०००	०		०			
१४०००अन्य राजश्व	११	२५००५०००	१६०५१४५९३		१६०५१४५९३			
ख. अन्य प्राप्ति		१६५६११८८३	१०६२६४३४९		१०६२६४३४९			
कोषहरु	१५	५७१५५६३७	३२२७९७		३२२७९७			
धरौटी	१५	०	७४०३५१५.३९		७४०३५१५.३९			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	१०८४५६२४६	९८५३८०३७		९८५३८०३७			
ग.भुक्तानी(ग घ)		७२०३१४२५९.५०	४८५७४११९९.६५		४८५७४११९९.६५			
ग.भुक्तानी(संञ्चित कोषबाट)		६०२७७१६२२	४०२३१२७९५.१८		४०२३१२७९५.१८			
२१०००पारिश्रमिक सेवा सुविधा	१८	१५९१६२०००	१२७२१७९३०.६६		१२७२१७९३०.६६			
२२०००मालसामान तथा सेवको उपयोग	१८	८२२९९०००	५८७०९८७३.९५		५८७०९८७३.९५			
२५००० सहयता		११२२००००	७२७९४६३.७६		७२७९४६३.७६			
२७००० सामाजिक सुरक्षा	१८	१४३१४०००	७१९०६६८.१०		७१९०६६८.१०			
२८००० अन्य खर्च	१८	३६४५८६२२	२७८८६५३		२७८८६५३			

३१०००पुजिगत खर्च	१८	२९९३१८०००	१९९१२६२०५.७१		१९९१२६२०५.७१			
घ.अन्य भूक्तानी		१६५६११८८३	१२५००३७५१		१२५००३७५१			
कोषहरु	१५	५७१५५६३७.५०	२०८०४२३२.६२		२०८०४२३२.६२			
धरौटी	१५	०	५६६१४८२.४३		५६६१४८२.४३			
संघीय,प्रदेश सरकार बा अन्य कार्यक्रम	१६	१०८४५६२४६	९८५३८०३७		९८५३८०३७			
कट्टी रकम दाखिला गर्न बाँकी		०	४६४१.१३		४६४१.१३			
ङ.योबर्षको बचत (न्युन)ृ प्राप्ती 'भूक्तानीे		२५४४६४५८	१४९४९६८८०		१४९४९६८८०			
च.गतबर्षको जिम्मेवारी रकम (अ.ल्या)		०	६०६०७७		६०६०७७			
वर्षन्तको बाकी रकम(ङं च)		२५४४६४५८	१५०१०२९५७		१५०१०२९५७			
बैक तथा नगद बाकी	२४	०	१५०१०२९५७		१५०१०२९५७			

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. २५१६५३१।७७ले फरक देखिएको छ ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।
- गाउपालिकाले सञ्चितकोषमा आन्तरिक आम्दानी बापत रु ९०४८७३३।३९दाखिला गरेको देखिएको छ ।तर प्रासि तथा भुक्तानी हिसाबको आम्दानीको अनुसुचिमा राजश्व बाडफाड बाहेक रु १६७६३६२९५ आम्दानी देखाएकोले सञ्चितकोषमा देखाएको हिसाब र प्राप्ति तथा भुक्तानी हिसाबमा रु १५८५८७५६१ फरक देखिएको छ ।फरक देखिएको हिसाब सम्पत्ति बाहाल आय र अन्य राजश्व शिर्षक रहेको उल्लेख भएको देखिएकोले कार्यालयले एकिन गरेको प्रमाण पेश हुनुपर्दछ ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **धरौटी तथा कोषहरुः** गाउपालिकाको यस बर्षको धरौटी तथा अन्य कोषमा जिम्मेबारी,आम्दानी खर्च देहाय बमोजिम देखिएको छ ।

श्रोत	धरौटी	आकस्मिक कोष	मर्मत सम्भार कोष	प्रकोप ब्यबस्थापन कोष	जम्मा
शुरु मौज्दात	६०६०७६।४३	०	०	०	६०६०७६।४३
यस बर्ष आम्दानी	७४०३५१५।३१	°	०	३२२७९७	७७२६३१२
जम्मा	८००९५९१।८२	°	०	३२२७९७	८३३२३८८
यस बर्ष खर्च	५६६१४८२।४३	५७६०४६४	९३२८१९	१४११०९४८	२६४६५७१३
बाँकी	२३४८१०९।३९	-५७६०४६४	-९३२८१९	-१३७८८१५१	-१८१३३३२५

उल्लेखित कोष मध्ये आकस्मिक कोषतर्फ रु ५७६०४६४ , मर्मत संभार कोष रु ९३२८१९ , प्रकोप व्यवसथापन कोष रु १३७८८१५१ गरी रु २०४८१४३४ न्युन मौज्दातमा खर्च भएको देखिएकोले स्रोत भन्दा बढि खर्च लेखने आधार नभएकोले अनियमित भएको रु

२०४८१४३४

३. **खर्च बिश्लेषणः** गाउपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ९०४८७३३।३९ राजस्व बाँडफाँड र अनुदानबाट रु ३६१३३७४३६।६९ समेत ३७०३८६१७०।०५ आम्दानी भएकोमा चालु तर्फ रु २०३१८६५८९।२९ र पूँजिगत तर्फ रु १९९१२६२०५।७१ समेत रु ४०२३१२७९५।१८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु १६८६००० खर्च भएको छ जुन आन्तरिक आयको १८.६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.२३ प्रतिशत चालु र ५५.११ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

४. **बैक हिसाब मिलान नगरेको** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको खाता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु १५०१०२९५७ देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु १४७५८६४२५।२३ देखिएकोले श्रेस्ता भन्दा बैक घटी देखिएको रु २५१६५३१।७७ सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. २५१६५३१।७७

खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
ग २।१ चालु खाता	१६९१३०५६	३२९७७९४६।०९	
ग २।३ पुँजिगत खर्च खाता	७१७४१४३५	१०००७०१२३।३१	
ग २।७ विविध खर्च खाता	९४५७७५	१३२३९८८।२७	
ग ३।१ स्थानिय तह धरौटि खाता	३५४३८६५	३५४३८६४।७०	
ग ४।१ स्थानिय संचितकोष खाता	५२९७९७९७	५४४५१००।९१	
ग ५।१ स्थानिय तह विविध खाता	३२६७१८०	३४०४७२८	
ग ७।३ स्थानिय तह प्रकोप व्यवस्थापन खाता	७११८४९	८२०६७३।९५	
	१५०१०२९५७	१४७५८६४२५।२३	२५१६५३१।७७

५. **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर गाँउपालिकाको गत बर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार वर्षको अन्त्यमा रु १५७९०३४९०।५२ मौज्दात कायम भएकोमा यो बर्षको प्राप्ति तथा भुक्तानी हिसाबमा रु ६०६०७७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. १५७२९७४१३।५२

६. **अनुदान फिर्ता दाखिलाः** बिनियोजन ऐन २०७६ को दफा ४ (१२) मा सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं २ को बिनियोजन ऐन २०७६ को दफा ४(१०)मा सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित स्थानिय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यलय माफर्त प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । तर देहाय बमोजिम सशर्त,समपुरक र बिशेष अनुदानको रकम रु ३३६१२६७९असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेकोले संघीय सञ्चित कोषमा रु ३०६११५४७ र प्रदेश सञ्चित कोषमा रु ३००११३२ गरी रु. ३३६१२६७९दाखिला गर्नुपर्नेमा रु ३३६१२६७९

बिबरण	संघिय श्रोत	प्रदेश श्रोत	जम्मा
शसर्त अनुदान	३०६११५४७	०	३०६११५४७।
बिषेश अनुदान	०	११३२	११३२
समपुरक अनुदान	०	३००००००	३००००००

जम्मा	३०६११५४७	३००११३२	३३६१२६७९

७. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, व्यवस्था रहेको छ ।यस गाउँपालिकाकार्यालय तथा वडा कार्यालयहरुमा रहेका सम्पत्तिहरुको विवरण देहाय अनुसार छः

खर्च भएर नजाने सम्पतिको नाम	विवरण	खरिद रकम रु	प्रयोग अबस्था
जग्गा	२-७-०		मध्ये १० कठा पूर्जा भएको
भवन	४पक्की १ कचि		
पिकअप महेन्द्रा स्करपिओ	१ थान	४४२५०००	
जे.सि.बि ब्याक हो लोडर	१ थान	४३५००००	
ट्रैक्टर	१ थान	१४७०२२१	
मोटरसाइकल	१६ थान	३७३१६९७	
स्कुटि	२ थान	३६५०००	
पल्सर	२ थान		वडा न ४ का वडा अधयक्ष अरुण ठाकुर ले गा पा मा भरपाइ गरेर प्रयोग गरेको

उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा गाउँपालिकाले आफ्नो प्रयोगमा रहेको एलानी जग्गाको कानुन कानुन नेपाल सरकारबाट भोगचलन स्विकृती लिएको देखिएन । साथै सवारी साधन प्रयोग गर्दा म.ले.प.फा.नं २ अभिलेख नराखिएको र ट्रायक्टर, जे सि वि सञ्चालन कार्यविधि बनाइ प्रयोगको अभिलेख ब्यबस्थित गरेको देखिएन ।साथै साविक गा वि स को २ थान मोटरसाइकल जिन्सी खातामा आम्दानी नबाधि गाउँपालिकाको वडा अध्यक्ष हरुले प्रयोग गरेको पाइयो ।

८. **राजश्व खाता सञ्चालनः** सरकारी कारोवार निर्देशिका २०७६ बुदा ४.१ मा स्थानिय तहले प्राप्त गर्ने सबै प्रकार राजश्व,अनुदान तथा बित्तीय ब्यबस्था बापतको रकमहरु शुरुमा ग १ समुह अन्तरगत खातामा जम्मा गनुपर्ने उल्लेख छ । यी खाताहरुमा रकम जम्मा गर्न मिल्ने तर खर्च लेख्न नमिल्ने हुदा स्थानिय तह सन्चितकोष खातामा खाता सञ्चालकको संयूक्त दस्तखतबाट बैक आदेश बमोजिम ट्रान्सफर गरिने ब्यवस्था छ ।गाउपालिकाले निर्देशिका बमोजिम उल्लेखित खाताहरु नखोलि सबै रकम सिधै सञ्चित कोषमा दाखिला गरेको छ । निर्देशिका बिपरित सिधै सञ्चित कोषमा दाखिला गर्न मिल्ने देखिदैन ।

९. **खर्च खाता सञ्चालनः** सरकारी कारोवार निर्देशिका २०७६ बुदा ४.२ मा भएको ब्यबस्था अनुसार स्थानिय तहको खर्चको लागी कार्यसञ्चालन स्तरमा खाता खोल्नुपर्दा बर्षभरी निरन्तर चालु राखी आर्थिक बर्षको अन्त्यमा शुन्य गरि आगामी आर्थिक बर्षको लागी नबिकरण गरेर मात्र सञ्चालन गनुपदर्छ । सो प्रयोजनको लागी जोर बर्षमा जोर र बिजोर बर्षको बिजोर अलग अलग खाता खोल्नुपर्ने उल्लेख छ । जुन आर्थिक बर्षको लागी खोलिएको खर्च खाता हो सो आर्थिक बर्षको लागी सो खातामा संञ्चित कोषबाट बजेट अनुसार चौमासिक रुपमा ट्रान्सफर गरी प्राप्त निकासा रकम,कारणबस पेश्की प्रदान गरीएको रकम वा अन्य रकम फिर्ता हुन आएका रकम आर्थिक बर्ष नसकिदै त्यस्तो रकम खातामा जम्मा गर्न सकिनेछ । चालु आ.ब.को आषाढ मसान्तमा यस्ता खाताहरुमा बाकी रहेको रकममध्ये सशर्त,समपुरक र बिशेष अनुदान को प्राप्त रकम सम्बन्धित सरकारलाइ फिर्ता गर्न चेक जारी गनुपर्छ भने समानिकरण ,राजश्व बाडफाड , आन्तरिक श्रोत र ऋण रकम भए सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने ब्यबस्था छ । त्यस्तै आर्थिक बर्षको अन्त्यमा भुक्तानी दिन बाकी चेकहरु म।ले।प।फा।नं।२२० भरी सम्बन्धित बैकलाइ श्रावण ३ गते भित्र उपलब्ध गराइ श्राबण ३० भित्र साटी बाकी रहेको रकम सञ्चितकोष दाखिला गनुपर्ने उल्लेख छ । सो ब्यबस्था बमोजिम गाँउपालिकाले कार्यसञ्चालनस्तरका खाताहरु खोलि सञ्चालन गरेको देखिएन । सरकारी कारोवार गर्दा सरकारी कारोवार निर्देशिका पालना गरिनुपर्दछ ।

१०. **संसोधित लेखा ढाँचामा विद्युतिय लेखाङ्कन तथा प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली SUTRA सफ्टवेयर प्रयोग तथा खर्च र आय सम्वन्धमा संसोधित लेखा ढाचामा विद्युतिय लेखाङ्कन तथा बित्तीय बिबरण तयार हुनेगरी पुर्ण रुपमा सफ्टवेयरमा परिमार्जन गरेको देखिएन । देहाय बिबरण समेत अभिलेखमा आउने गरी सफ्टवेयरमा परिमार्जन गरी म.ले.प. फारामहरुको पुर्ण प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

बिवरण	म.ले.प.फा.नं.	कैफियत
करदाताको लगत	१११	
राजश्व आम्दानीको दैनिक बैक भौचर प्राप्त गौश्वरा खाता	१०६	
राजश्को बैक हिसाब मिलान बिबरण	१०९	
बैक हिसाब मिलान बिबरण	२१२	
भुक्तानी दिन बाकी चेकको बिबरण	२२०	
भुक्तानी दिन बाकीको खाता तथा कच्चावारी	२२१	
प्राप्य रकमको मास्केवारी	२२२	
सन्तुलन परिक्षण	२२५	
खर्चको माशिक बाडफाड तथा नगद योजना	३०३	
बजेट रकमान्तर÷ कार्यक्रम संसोधनको बिबरण	३०४	
बस्तु तथा निर्माणको खरिद योजना	३११	
परामर्श सेवाको खरिद योजना	३१२	
मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता	४१५	
घर जग्गाको लगत किताब	४१७	
आइटमवाइज कार्य अभिलेख खाता	५०५	
ठेक्का सम्बन्धित गौश्बरा लगत	५०७	
बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण,परिवर्तन,र स्थगन अभिलेख	९०२	
डाटाब्याकअप प्रमाणिकरण फारम	९०३	
रसिद नियन्त्रण खाता	९०४	
सवारी साधन र मेशिन प्रयोगको लगबुक	९०५	
कर्मचारीको दस्तखत नमुना फारम	९१०	

११. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात पनि चालु खर्च खातामा रु १६९१३०५६ पुजीगत खर्च खातामा रु ७१७४१४३५ समेत गरी रु ८८६५४४९१ मौज्दात रहेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

	• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको गर्दा एकै अबिधको बिबरण प्रिन्ट गर्दा एउटै तथ्याँक आउनुपर्नेमा फरक तथ्याँक आएको देखिएको छ । • अन्तर सरकारी वित्तय व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सोबमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन। • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण नै गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन। • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता गरेको पाइएन। • सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।	

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **बार्षिक बजेट स्विकृतिः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोहिऐनको दफा ६५,६६,६७ बमोजिमको देहाय बमोजिम प्रकृयापुर्याइ कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था भए पनि मिति २०७६।३।१० गते रु ३६करोड ३१ लाख ४३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सालाखाला १ महिना पछि मिति २०७६।४ ।२६ मा पारित भएको छ।गाउँपालिकाले यो वर्ष पूँजीगत कार्यक्रम अन्तर्गतका योजनातर्फ गाउँकार्यपालिका र ७ वटा वडा गरि कुल योजनामा रु. २६ करोड १५ लाख ८९ हजार बजेट बिनियोजन गरेको छ भने चालु खर्च , निशर्त , सामाजिक सुरक्षा, पुजिगत गरी कुल रु. १०करोड, १५लाख ६४ हजारको आय-व्ययको अनुमान पेश गरी बजेट पारीत गरेको देखिएको छ ।

बजेट तयारी चरण	नियमको व्यबस्था	कार्य भएको मिति	सन्दर्भ कानुन । कैफियत
स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नु पर्ने	प्रत्येक बर्ष पौष १५ भित्र	छैन	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ र,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६
स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा वजेटको कुल सीमा निर्धारण गर्ने,	प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु	छैन	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
वजेट तर्जुमा समितिले तयार गरेको वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा अनुसूची५ बमोजिमको ढाँचामा अध्यक्षरप्रमुख मार्फत् कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । वार्षिक वजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक अनुसूची६ बमोजिमको ढाँचामा र विनियोजन विधेयक अनुसूची ७ बमोजिमको ढाँचामा समेत पेश गर्नु पर्नेछ ।	असार ५ गते भित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६
गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपाध्यक्षवा उपप्रमुख वा मर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ	असार १० गतेभित्र	आसार १०	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६
कार्यपालिकाबाट पेश भएको वजेट तथा कार्यक्रम सम्बन्धित सभाले पारित गरिसक्नु पर्नेछ ।	असार मसान्त भित्र	छैन	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१

सभाले स्वीकृत गरेको वार्षिक वजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ । साथै सम्बन्धित गाउँपालिका वा गाँउपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ ।	श्रावण १५ भित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६

निर्धारीत कार्यतालिका बमाजिम उल्लेखित तोकिएका अधिकारीले वजेट तयारी गर्ने कार्यमा सम्लग्न नभएको देखिएकोले यथार्थ रुपमा बजेट तैयारी गर्न समस्या देखिएको छ । निर्धारीत कार्यतालिका बमाजिम वजेट तयारी कार्यमा सम्लग्न हुनुपर्दर्छ ।

१३. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष गत विगत बर्षको योजना भुक्तानी दिन बाँकी भनि एकमुष्ट ९ करोड ७ लाख ९४ हजार अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१४. **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । यस वर्ष सञ्चालित सारभूत कार्यक्रम/क्रियकलापको विवरण देहायबमोजिम रहेका छन्

कार्यक्रम÷ क्रियाकलापको नाम	गर्नुपर्ने कामको परिमाण	कार्य भएको कामको परिमाण	खर्च प्रगति प्रतिशत	प्रगति हुन नसक्नुेको कारण
प्रदेश सरकार शसर्त कार्यक्रम	१	१	१००	
प्रदेश सरकार बिशेष अनुदान	१	१	९९,९४	
सघीय सरकार शशर्त अनुदान	११	६	५५,५५	
गाउपालीका पुजिगत	१११	५३	६९,४४	

१५. **खर्च गर्ने अख्तियारी र कार्यविधि** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ को आय व्ययको प्रक्षेपण २०७६ श्रावण २६ मा सभावाट स्वीकृत भएको र सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अन्तरगत प्रमुखले २०७६।५।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

बजेट कार्यान्वयन चरण	नियमको ब्यबस्था	कार्य भएको मिति	सन्दर्भ कानुन ।कैफियत
सभाबाट बजेट स्विकृत भएको मिति	असार मसान्त भित्र	२०७६।४।२६	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१
प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान	सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र	२०७६।५।५	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३
प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग र महाशाखा र शाखा र इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने	अख्तियारी प्राप्त भएको १५ दिनभित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
सम्बन्धित विभाग र महाशाखा र शाखा र इकाई प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत सम्क्ष पेश गर्नु पर्नेछ	योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६

सबै विभाग र महाशाखा र शाखा र इकाई प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने		छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६
गाउँपालिका वा गाँउपालिकाले आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने	आर्थिक वर्ष शुरु भएको एक महिना भित्र	छैन	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.१

निर्धारीत कार्यतलिका बमाजिम कार्य नहुदा बजेट कार्यन्वयनका चरणमा ढिलाई हुने, समयमा साधन स्रोतको परिचालन नहुने र खरीद तथा योजना समयमा कार्यन्वयनमा नहुने भइ आर्थिक बर्षको अन्तमा खर्चको ब्यभार बढ्ने र योजना कार्यान्वयन बेलैमा नभइ योजनाहरुको जिम्मेबारी पछिलो बर्षमा सर्ने गरेको छ । निर्धारीत कार्यतलिका बमोजिम कार्य गरीनुपर्दछ ।

१६. **चौमासिक पूँजीगत खर्च** — आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ४८ दोस्रो चौमासिकमा ,१८ तेस्रो चौमासिकमा ३२ खर्च भएको देखिएको छ। ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप निर्धारीत चौमासिकमा खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रे चौमासिक	
१	गाँउपालिका पुजिगत	१३५०७३२२५	७३०७६७२७	२१५२८८४९	४०४६७६४९	२२०७११८७
२	शशर्त पुजिगत संघिय	७९३०५९४	०	६४६४४२०	११६६१७४	१९६६१७४
३	शशर्त पुजिगत प्रदेश	५००००००	०	०	५००००००	५००००००
	प्रदेश बिशेष अनुदान	१९९८८६८	०	०	१९९८८६८	१९९८८६८
	स्थानिय पुर्वाधार					
	कूल खर्चः	१५०००२६८७	७३०७६७२७	२७९९३२६९	४८६३२६९१	३१०३६२२९
	खर्च प्रतिशत	१००%	४८.७१	१८.६६	३२.४२	२०.६९

१७. ***योजना छनौटः*** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएको देखिएको छ । योजनाको संख्या धेरै हुंदा गाउँपालिकाको जनशक्ति वर्षैंभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाइं कार्यसम्पादनमा कठिनाइं भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । स्विकृत बार्षिक बजेट भित्र यस बर्ष रकमगत योजना छनौटको अबस्था देहाय बमोजिम देखिएको छ ।

सि.नं.	विवरण	बजेटमा योजना संख्या
१	५० हजार देखि १ लाख सम्मका	३४
२	१ देखि ३ लाख सम्मका	९६
३	३ लाख ५ लाख सम्मका	१०६
४	५ लाख देखि १० लाख सम्मका	६०
५	१० लाख भन्दा माथिका	५७
जम्मा		३५५

१८. **योजना कार्यन्वयन स्थिति** गाउपालीका सभावाट आर्थिक वर्ष २०७६।७७ मा बजेट बिनियोजन भएका विभिन्न गाँउस्तरीय, वडास्तरिय, र बहुबर्षिय योजना कार्यान्वयन अवस्था देहाय बमोजिम देखिएको छ।

बिबरण	स्विकृत योजना संख्या	पहिलो चौमासिकमा खरिद सम्झौता संख्या	दोश्रो चौमासिकमा खरिद सम्झौता संख्या	तेश्रो चौमासिकमा खरिद सम्झौता संख्या	सम्पन्न भएका योजना संख्या	सम्झौता मध्ये	
						सिधै, बोलपत्र मार्फत	उपभोक्ता समिति मार्फत

नगरस्तरीय	१७९	४०	८६	५३			
वडा स्तरीय	१७६	७२	५९	४५			
बहुबर्षिय	०	०	०	०			
जम्मा	३५५	११२	१४५	९८			

कार्यान्वयन भएका योजनामध्ये सबै योजनाहरु पहिलो चौमासिकमा सम्झोता ११२ दोश्रो चौमासिकमा १४५ र तेश्रो चौमासिकमा ९८ सम्झौता भएको देखिएको छ ।अधिकांस योजना तेश्रो चौमासिकमा सम्झौता गर्दा योजना कार्यान्वयनमा हतारमा कार्य भइ गुणस्तरीयता नआउने र तोकिएको चौमासिकमा बजेट रकम खर्च नहुने हुदा नागरीकलाइ **Time value of money**को लाभ बेलैमा प्राप्त नहुने र समग्र राष्ट्रिय उत्पादकत्वमा ह्रास आउने देखिएको छ ।

१९. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर पालिकाले स्विकृत दरबन्दी भित्र दरबन्दी बाहेक कर्मचारीहरु करारमा राखि रु. ४८६५९०२ खर्च लेखेकोछ।

त्यसैगरी सोही ऐन २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पद वाहेक विभिन्न पदमा करार नियुक्ति गरी भुक्तानी गरेको कार्य ऐन बिपरित देखिएकोले कानुन अनुसार मात्र नियुक्ती गरिनु पर्दछ ।

२०. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्थाछ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४३ बटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउपालिकाले हालसम्म १ वटा ऐन, ३ कार्यविधि र लगायत ४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै गाउपालिकाले ४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि कुनै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन्।तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२१. **आन्तरिक लेखापरीक्षण** — स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।तर गाँउपालिकाले कारोबारको आन्तरिक लेखापरीक्षण लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

२२. **सार्वजनिक जग्गाको संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएको छ । गाँउपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखि रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै गाँउपालिकामा रहेका सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको तथा अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण वा लिजमा दिए ,नदिएको एकिन भएन ।

२३. **जग्गा उपयोग मापदण्ड** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही

<table>
<tr><td></td><td>तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>राष्ट्रिय भवन संहिता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवनसंहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेको छ । यि प्रावधान अनुसार गाउपालीकाले आ.व. २०७६।७७ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र देहाय बिषयहरु वेभसाइडमा अपलोड गरेको देखिएन।
<table>
<tr><td>बिवरण</td><td>वेभसाइडमा अपलोड</td><td>सन्दर्भ कानून</td></tr>
<tr><td>कार्यलयको प्रगति तथा उपलब्धिहरु</td><td>अपलोड नभएको</td><td>सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८को बुदा ५(१)</td></tr>
<tr><td>गाँउपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण तयार वा अद्यावधिक गरेको</td><td>तयार अपलोड नभएको</td><td>स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ८९२०</td></tr>
<tr><td>सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम वार्षिक प्रतिवेदन</td><td>अपलोड नभएको</td><td>सरकारी निकायको बेभसाइड निर्माण तथा व्यबस्थापन निर्देशिका २०६८को बुदा ५(१)</td></tr>
<tr><td>गाँउपालिकाले आफ्नो आय व्ययको बिबरण प्रत्येक महिनाको ७ गतेभित्र सार्बजनिक गर्नुपर्ने ब्यबस्था</td><td>अपलोड नभएको</td><td>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा७६ को उपदफा ४</td></tr>
<tr><td>खरिद सम्झौताको बिबरण सहितको सुचना सम्झौता भएको ३ दिन भित्र</td><td>अपलोड नभएको</td><td>सार्कजनिक खरिद नियमावली २०६४ को नियम १३७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.</td><td>सेवा प्रवाह - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवा प्रवाहमा समस्या रहेको छ । स्थानीय तहले सेवाग्राहीबाट सेवा सन्तुष्टि मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरेका छैनन् । भौगोलिक कठिनाईले समेत सेवा प्रवाहमा असर परेको अवस्था छ ।</td><td></td></tr>
</table>

कार्यको प्राथमिकीकरण हुन नसकेको तथा स्थानीय तह आफैले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्था मार्फत गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन ।

२७. **फोहोरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । यस स्थानिय तहले फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण भएको छैन ।फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र “प्रदुषकले शुल्क तिर्ने” अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

२८. **फोहर व्यवस्थापन आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम गाँउपालिकाले फोहर मैला व्यवस्थापन गरे वापत सेवा शुल्क उठाउने व्यवस्था छ । फोहर मैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ मा स्थानीय निकायको अनुमति नलिई कसैले पनि फोहर मैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था र दफा १५ को उपदफा (१) बमोजिम नीजि क्षेत्र वा सामुदायिक संस्थाबाट प्रतिपर्धा गराई फोहर मैला व्यवस्थापनको जिम्मा दिने व्यवस्था छ तथा उपदफा २ (क) बमोजिम फोहर व्यवस्थापक छनोट गर्दा स्थानीय निकायलाई बुझाउन कबुल गरेको रकम यकिन गर्नुपर्ने व्यवस्था छ ।गाँउपालिका मा फोहर मैला व्यवस्थापन गरे वापतको सेवा शुल्कको स्थानिय तहलाइ बुझाउने व्यवस्था गरेको पाइएन ।

२९. **पेस्की** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिए बमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु......... ११८०९०६९६

मिति	पेश्की लिनेको नाम	वापत	पेश्की रकम
७७।०१।११	वडा अध्यक्ष किशोरी साह	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	३२५०००
७७।०१।११	वडा अध्यक्ष किशोरी महतो	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	६५००००
२०७७।०१।११	वडा अध्यक्ष अरुण ठाकुर	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५२००००
२०७७।०१।१५	वडा अध्यक्ष ब्रहमदेव यादव	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	२८५०००
२०७७।१।१४	वडा अध्यक्ष शम्भु प्रसाद यादब	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५५२०००
२०७७।१।१४	वडा अध्यक्ष रामदेव हाथि सुडी	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५२००००
७६।१२।२६	कर्मचारी पेश्की विनोद कुमार ठाकुर	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
७६।१२।२६	कर्मचारी पेश्की अरुण कुमार ठाकुर	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
०७७।१।१५	नायव सुव्वा शान्ति देवी	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
७६।१२।२६	व्यक्तिगत पेश्की सुरेश दाश	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
७६।१२।२६	व्यक्तिगत पेश्की अनिल दाश	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
७६।१२।२६	व्यक्तिगत पेश्की जितेन्द्र महरा	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
०७६।१२।२६	व्यक्तिगत पेश्की तारा प्रसाद मंडल	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवसथापन	५०००००
२०७७।०३।०३	व्यक्तिगत पेश्की दुखरण चौधरी	कोरना महमारी रोकथाम तथा क्वरेनटाईन व्यवस्थापन	५०००००
७६।१२।१०	व्यक्तिगत पेश्की दुखरण चौधरी	कोरणा विषद व्यवस्थापन	५०००००
७६।१२।१८	व्यक्तिगत पेश्की दुखरण चौधरी	कोरणा विषद व्यवस्थापन	१००००००
७६।११।२०	महेन्द्र मंडल	मर्मत सम्भार सम्बन्धि कामको भुक्तानी	३०००००
०७७।३।३	कमल साह	सवारी साधन तथा मेशिनरी औजार भाडा	८५५००
७६।१०।२७	वडा अध्यक्ष अरुण ठाकुर	दैनिक भत्ता तथा भ्रमण खर्च	१५०००
०७६।५।२९	कर्मचारी मो नजामुदिन साफी	संचार महसुल	५०००
०७६।१२।४	कर्मचारी योगेन्द्र यादव	पशुसेवा तर्फको एकमुष्ठ कार्यक्रम खर्च	९००००
२०७७।३।२२	नायव सुव्वा शुलोचना शर्मा	मेलमिलाप कर्ता छनौट तथा क्षमता अभिवृधि तालिम	८०००००
२०७७।३।२२	नायव सुव्वा शुलोचना शर्मा	मेलमिलाप कर्ता छनौट तथा क्षमता अभिवृधि तालिम	८०००००
२०७७।३।३१	सि अ हे व शम्भु कुमार मिश्र	गाँउ सभा संचालन खर्च	९५७९००

२०७७।३।२७	हेल्थअसिस्टेन्ट रवि विक्रम साह	बहुक्षेत्रिय पोषण कार्यक्रम खर्च	११५३००
२०७६।९।१८	महेन्द्र मंडल	विविध खर्च गाँउपालिका तथा वडा कार्यालय	२००००
२०७६।१२।५	मनोज कुमार ठाकुर	पशुसेवा तर्फको एकमुष्ट कार्यक्रम खर्च	२५०००
२०७७।२।१९	नवल किशोर ठाकुर	करार सेवाका कर्मचारी तथा शिक्षकहरुको तलब महगी भत्ता र पोशाक	२६७३०
२०७६।१०।२७	श्याम मंडल	दैनिक भत्ता तथा भ्रमण खर्च	१००००
२०७७।३।१६	दुखरण चौधरी	अंग्रेजी शिक्षाका लागि कक्षा १ का शिक्षकहरुलाई १५ दिने तालिम	७०००००
२०७७।३।२१	वडा अध्यक्ष रुपेश कुमार झा	वडा कार्यालय विद्यालय स्वास्थ चौकि सम्म विधुत जडान	१०००००
२०७७।३।१९	श्री संकटमोचन हनुमान उपभोकता समिति	पिपरा राजमार्ग स्थित हनुमान मन्दिर स्तरोन्नति तथा भवन निर्माण	५६५६३८
२०७७।३।२	खाद्यगोदामको परिसरमा वरिपरि कम्पाउड वाल निर्माण उ स	खाद्यगोदामको परिसरमा वरिपरि कम्पाउड वाल निर्माण	१२२२४८३।६८
२०७७।३।३१	तरा प्रसाद मंडल	रतनपुरनाथ महादेव मन्दिरमा टाईल्स जडान	९७०००
२०७७।३।२७	कर्मचारी योगेन्द्र यादव	खोप लगाएवापत भ्याकसिनेटरलाई पारिश्रमिक	१२५०००
२०७७।३।३१	सि अ हे व शम्भु कुमार मिश्र	साथि समुह शिक्षा कार्यक्रम	१२५०००
२०७६।५।३१	कर्मचारी रामनरायण साह	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	१६७४००
२०७६।८।१९	कर्मचारी नरेश झा	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२२६८००
२०७६।९।३	कर्मचारी रोशन कुमार यादव	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२४६६००
२०७६।५।३१	कर्मचारी छोटकन हुसेन	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२२८६००
२०७६।५।३१	कर्मचारी संदिप कुमार मंडल	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२२९५००
२०७६।१०।२६	कर्मचारी हर्ष नारायण झा	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	४२२१००
२०७६।१०।२०	कर्मचारी कामेश्वर यादव	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२७५०००
२०७६।९।१४	कर्मचारी सरिता कुमारी ठाकुर	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२१७८००
२०७६।१०।२०	कर्मचारी मनोज कुमार ठाकुर	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२५००००
२०७६।१०।२९	कर्मचारी सुन्देश्वर मंडल	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	१३१२५०
२०७६।९।२१	कर्मचारी भिखारी यादव	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	१५००००
२०७६।११।२	कर्मचारी छोटकन हुसेन	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	३५००००
२०७७।१।२१	कर्मचारी संदिप कुमार मंडल	तोकिएको विद्यार्थिलाई दिवा खाजाका लागि विद्यालय लाई अनुदान	२१५०००
२०७७।३।२९	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	वित्त साक्षारता कार्यक्रमको लागि मेशिनरी तथा औजार	३८४२०
२०७७।३।२९	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	वित्त साक्षारता कार्यक्रम संचालन खर्च	२७३६०
२०७७।३।२९	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	कार्यालय सञ्चालन तथा मसलनद खर्च	१७८२०
२०७७।३।२९	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	समवन्धित सरोकारवलाहरुवाट परियोजना अनुगमन	१५५००
२०७७।३।२९	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	मनोसामाजिक परामर्श संचालन खर्च	४५०००
२०७७।३।२९	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	वित्तिय साक्षारता कार्यक्रम संचालन खर्च	१६५६३
२०७७।२।१३	कर्मचारी उमेश दास तत्मा	आधारभुत तहका स्विकृत दरवन्दिका शिक्षक राहत अनुदानका लागि तलव भत्ता	८००००
२०७७।२।२६	दलित समाज उथान् समिति नेपाल	तलव तथा सुविधा मनोसमाजिक परामर्ष कर्ता	९००००
२०७७।२।२६	दलित समाज उथान् समिति नेपाल	तलव तथा सुविधा मनोसमाजिक परामर्ष कर्ता	९००००
२०७७।३।१६	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	रिर्टनि स्वयम सेवक परिचालन	२७६१५
२०७७।३।१६	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	तलव तथा सुविधा मनोसमाजिक परामर्ष कर्ता	२००००
२०७७।३।१६	दलित सोसाईटि वेलफेयर कमिटि नेपाल	तलव तथा सुविधा मनोसमाजिक परामर्ष कर्ता	१००००

		२०७६।६।२	नरेन्द्र मोहन मिश्र	आयुर्वेद बैकल्पिक चिकित्साका कर्मचारीको तलब भत्ता	१६०००		
		२०७६।१०।२७	श्याम किशोर यादव	तोकिएको विद्यार्थिको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	२०२५००		
		२०७६।११।२०	श्याम किशोर यादव	आधारभुत तहका स्विकृत दरवन्दिका शिक्षक राहत अनुदान	२०००००		
		२०७७।१।८	सिता कुमारी	मातृ तथा नव शिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा न्यानो झोला निशुल्क गर्भपतन कार्यक्रम	४००००		
		२०७७।२।२५	लक्ष्मि कुमारी यादव	आधारभुत तहका स्विकृत दरवन्दिका शिक्षक राहत अनुदान शिक्षाका लागि तलव भत्ता	८४०००		
		२०७७।३।८	कार्यालय सहयोगि विजय कुमार चौधरी	तरल नाईट्रोजन ढुवानी भण्डारण तथा व्यवस्थापन	८००००		
		२०७६।८।१०	कर्मचारी अरुण कुमार ठाकुर	सामाजिक सुरक्षा वितरण कार्यक्रम	७४२४००		
		२०७६।८।१०	कर्मचारी अशोक कुमार झा	सामाजिक सुरक्षा वितरण कार्यक्रम	३४४५०००		
		२०७६।८।२३	कर्मचारी विनोद कुमार ठाकुर		६२८५६००		
		२०७६।८।२३	कर्मचारी हरिवोल मंडल	१ देखि ७ वडामा सामाजिक सुरक्षा कार्यक्रम वितरण	७५२८००		
		२०७६।८।२३	नायव सुव्वा शान्ति देवि	१ देखि ७ वडामा सामाजिक सुरक्षा कार्यक्रम वितरण	२७२४००		
		२०७६।८।२३	कर्मचारी विनोद कुमार ठाकुर	१ देखि ७ वडामा सामाजिक सुरक्षा कार्यक्रम वितरण	६४०८००		
		२०७६।८।२३	कर्मचारी अरुण कुमार ठाकुर		११५२०००		
		२०७६।८।२३	कर्मचारी अशोक कुमार झा	सामाजिक सुरक्षा कार्यक्रम वितरण	११७६०००		
		२०७६।८।२३	कर्मचारी अरुण कुमार ठाकुर	सामाजिक सुरक्षा कार्यक्रम वितरण	८७८८००		
		२०७६।८।२३	नायव सुव्वा शुलोचना शर्मा	१ देखि ७ वडामा सामाजिक सुरक्षा कार्यक्रम वितरण	५३४०००		
		२०७६।७।२७	एभरेष्ट बैंक लि पिपरा शाखा	सामाजिक सुरक्षा वितरण कार्यक्रम	४९६६४००		
		२०७६।७।२९	एभरेष्ट बैंक लि पिपरा शाखा	सामाजिक सुरक्षा वितरण कार्यक्रम	४०००		
		२०७६।८।५	एभरेष्ट बैंक लि पिपरा शाखा	सामाजिक सुरक्षा वितरण कार्यक्रम	३१८७२००		
		२०७६।८।५	एभरेष्ट बैंक लि पिपरा शाखा	सामाजिक सुरक्षा वितरण कार्यक्रम	४६६००००		
		२०७६।८।२३	तारा प्रसाद मंडल	१ देखि ७ वडामा सामाजिक सुरक्षा कार्यक्रम वितरण	६०००००		
		२०७६।८।११	एभरेष्ट बैंक लिमिटेड	सामाजिक सुरक्षा	९८३८००		
		२०७६।९।६	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	७९५४४००		
		२०७६।९।८	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	२४४८००		
		२०७६।९।१०	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	९६०००		
		२०७६।१०।२४	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	६१०४२००		
		२०७६।११।३	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	४४६४८००		
		२०७६।११।२१	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	३०९८६००		
		२०७६।११।२१	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	२९६०००		
		२०७६।१२।०५	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	२०४४६००		
		२०७७।१।३०	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	१६२३२८००		
		२०७७।२।५	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	१७६९६००		
		२०७७।२।१४	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	८५५६०००		
		२०७६।२।१४	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	१२७८४००		
		२०७७।३।११	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	३९८५६००		
		२०७७।३।३०	एभरेष्ट बैंक लिमिटेड	समाजिक सुरक्षा	४१२६००		
		२०७७।३।३०	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	समाजिक सुरक्षा	११२८०००		
		२०७७।३।३०	सिटिज्न्स बैंन्क इन्टरनेशनल लिमिटेड	समाजिक सुरक्षा	१५६५६००		
		२०७७।३।३०	कर्मचारी अरुण कुमार ठाकुर	समाजिक सुरक्षा	२१२६४००		
		२०७७।३।३०	हरिनरायण महतो	समाजिक सुरक्षा	१४९६४००		
		२०७७।३।३०	विनोद कुमार ठाकुर	समाजिक सुरक्षा	२१५०८००		
		२०७७।३।३०	तारा प्रसाद मंडल	समाजिक सुरक्षा	१७२००००		
		२०७७।३।३०	सुर]z दास	समाजिक सुरक्षा	२९८२४००		
		२०७७।३।३०	शुलोचना कुमारी शर्मा	समाजिक सुरक्षा	५७५६००		

	जम्मा	११८०९०६९६	
	आन्तरीक आय		
३०.	**करदाताको अभिलेख** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी वहालमा वहाल कर, आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था अन्तरगत करदाताको अभिलेख अद्याबधिक भएको देखिएन ।		
३१.	**मनोरञ्जन कर** २ नंवर प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ४ मा मनोरञ्जन स्थल (सिनेमा, नाचगाना, अपेरा ,थ्रियटर, सर्कस, चटक, खेल, प्रर्दशनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन) मा प्रवेश गरेबापत अनुसुचि ३ बमोजिम चलचित्र,संस्कृतिक प्रदशर्न, दाहोरी सांझ, डान्सवार, कन्सर्ट, नाटकघर ,भिडियोघर, थ्रियटर, पार्क आदीको प्रबेश शुल्कको पाच प्रतिशत जादु सर्कस तिन महिना सम्म दैनिक रु सय र जादु सर्कस तिन महिना भन्दा बढी माशिक रु पाँचहजारले मनोरञ्जन कर लगााइने र गाँउपालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७६।७७ मा गाँउपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।		
३२.	**बिज्ञापन कर:** २ नंवर प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङबोर्ड,साइनबोर्ड,ब्यानर,ट्राइभिजन बोर्ड,ग्लो बोर्ड,डिजिटल बोर्ड,स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम गाँउपालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७६।७७ मा गाँउपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ ।		
३३.	**असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।पालिकाले बिगत वर्षमा साबिक गा.बि.स.बाट बन्दोबस्त गरेको आय ठेक्कामा उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन।जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गर्नुको साथै बाँकी रकम असुल गर्नुपर्ने देखिएको छ ।		
३४.	**पोखरी आय** गाँउपालिकाले आफ्नो क्षेत्रभित्रमा रहेका सार्बजनिक पोखरीको लगत अद्याबधिक गरी राख्नुपर्ने,ति पोखरीको उचित संरक्षण गरी माछापालन ठेक्काबाट गाँउपालिकाको आयआर्जनको श्रोत बढाउनुपर्नेमा हालसम्म सार्बजनिक पोखरीको लगत अद्याबधिक नगरेको, सार्बजनिक पोखरीको माछापालनबाट आयआर्जन नभएको अबस्था छ । तर मिति २०७६।६।१३ को राजश्व परामर्श समितिको निर्णय अनुसार ३५ वटा पोखरी भाडामा लगाउने निर्णय गरेको देखिए पनी त्यसबाट आय असुलि भएको दिएन । गत बिगत बर्षमा उल्लिखत श्रोतको आम्दानी नदेखिएकोले गाँउपालिकाको सार्बजनिक सम्पतिको सदुपयोग गरेको देखिएन ।		
३५.	**रसीद नियन्त्रण खाता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । गाउपालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।		

<table>
<tr><td>३६.</td><td>वडा न १ मा जम्मा नगदि र मालपोत वाट उठेको रकम रु १४४२०४ मध्ये बैंक दाखिला रु १३१३९५ को मात्र देखियो अतः बाँकि रु १२८०९ रकम सम्बन्धितबाट असुल गर्नुपर्ने</td><td>१२८०९</td></tr>
<tr><td>३७.</td><td>रसिद नियन्त्रन खाताबाट देहाय वडाले बुझेको नगदि रसिदको अवस्था यकिन नभएकोले खोज नीति गरी असुली दाखिला गर्नुपर्छ ।
<table>
<tr><th>वडा न</th><th>मालपोत</th><th>नगदि</th></tr>
<tr><td>२</td><td>१०१- १५०,९५१-१०००,२२०१-२२५०,२७५१-२८००</td><td>३०१ - ३५०</td></tr>
<tr><td>३</td><td>१५१-२००,१३०१-१३५०,१४०१-१४५०,२००१-२१००,८५१-९००,५१-१००
२८०१-२८५०,३४०१-३४५०,३४५१-३५००</td><td></td></tr>
<tr><td>४</td><td>५१-१००,६५१-७००,१००१-१०५०,१७५१-१८००,१८०१-१८५०,१८५१-१९००
२९०१-२९५०,२८५१-२९००,२९०१-२९५०,३१०१-३१५०,३२०१-३२५०</td><td>२०१-२५०,६०१-६५०,२५१-३००</td></tr>
<tr><td>५</td><td>२०१-२५०,३०१- ३५०,५५१ -६००,६०१- ६५०,८०१-८५०,८५१- ९००
१२५१- १३००,१३५१- १४००,१६५१- १७००,१७०१ -१७५०,२१०१- २१५०
२१५१ -२२००,२५०१ -२५५० ,२५५१- २६००,२६०१-२६५०,३५०१- ३५५०</td><td>१५१-१००
७५१-८००</td></tr>
<tr><td>६</td><td>३०५१- ४००,४०१ -४५०,१०५१- ११००,१५०१-१५५०,१५५१- १६००
१९५१- २०००,२४०१- २४५०,२६५१ -२७००,३२५१-३३००,३३०१ -३३५०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३८.</td><td>गाउपालिकाले आर्थिक बर्ष २०७६।७७ को पिपरा ४ हाट बजारको लागी मिति २०७६।३।१५ मा सुचना प्रकाशित गरी बोलपत्र आह्वान गरेकोमा ४वटा बोलपत्र परी बढि कवोलकर्ता सुनिल कुमार ठाकुरलाइ १०३१५५१ को आय ठेक्का स्विकृत गरेकोमा प्रथम किस्ता बापत धरौटी रु २५०००० राखेपनि सम्झौता गरी चलन पुर्जि लिन नआएकोले धरौटी रकम जफत गरी आय खातामा दाखिला गर्नुपर्ने रु</td><td>२५००००</td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>३९.</td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरूगरे/नगरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>प्रकोप व्यबस्थापन कोष आयब्यय गाउपालिकाले यस बर्ष गाउपालिका बाट बिनियोजित रकम ट्रान्सफर भई आएको र प्रदेश सरकारबाट प्राप्त समेत रु १४२४८५०० आम्दानी भएकोमा यस बर्षको कोभिड १९ को लागि राहत वितरणमा /क्वारेनटाईन व्यवस्थापन समेतमा रु १४११०९४८।०५ खर्च गरी खर्च मध्ये पेश्की बाकी रु ६८५२००० र मौज्दात रु १३७५२१।९५ मौज्दात रहेको छ । वडा नं १ देखि ७ वडा सम्मका छनौट भएका घरपरीवारको राहतको लागी   चामल, दाल, तेल ,नुन र साबुन बितरण गर्ने वडा अध्यक्ष तथा वडा सचिबले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>पेश्की लिइ राहत चामल, दाल, नुन र तेल बितरण गरेको भनिएकोमा पेश्की फस्यौट नगरेकोले फाटवारी/भरपाइ पेश भएको छैन ।</td><td></td></tr>
<tr><td>४२.</td><td>टुक्रा खरिद–सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाले नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्दछ ।तर कोभिड १९ को लागी देहाय बमोजिम सामानहरु सिलबन्दि बोलपत्र, वोलपत्रको माध्यम नअपनाई सोझै खरिद वापत आपूर्तकलाई भूक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गरीनू पर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुँदा उक्त रकम नियम सम्मत मान्न नसकिएको रू.
<table>
<tr><th>भौ.नं.÷मिति</th><th>फर्मको नाम</th><th>बिवरण</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>११।२०७७।२।५</td><td>कविर जनरल अर्डर सप्लायर्स</td><td>कपडाको माक्स १७६७५थान</td><td>४९९३२८</td><td>बितरण भरपाइ नभएको</td></tr>
<tr><td>१२।२०७७।२।५</td><td>एस.एण्ड जेनरल अर्डर सप्लायर्स</td><td>कपडाको माक्स १७६००थान</td><td>४९७२००</td><td>बितरण भरपाइ नभएको</td></tr>
<tr><td>१६।२०७७।३।२१</td><td>कविर जनरल अर्डर सप्लायर्स</td><td>लाइभब्वाइ साबुन ९५ कार्टुन</td><td>४५६०२२</td><td>बितरण भरपाइ नभएको</td></tr>
<tr><td>१७।२०७७।३।११</td><td>एस.एण्ड जेनरल अर्डर सप्लायर्स/ कविर जनरल अर्डर सप्लायर/डाइमण्ड अफसेट प्रेस</td><td>सेनिटाइजर/डिटोल हैण्ड पउच/ फिनाइल /स्प्रे</td><td>५९२८५४</td><td></td></tr>
<tr><td>२५।२०७७।२।२४</td><td>दुर्गा मेडिकल हल</td><td>औषधि तथा पि.पि. इ सेट</td><td>४१९३००</td><td>बितरण भरपाइ नभएको</td></tr>
<tr><td>२६।२०७७।३।२४</td><td>आदित्य इन्टरप्रइजेज</td><td>औषधि तथा उपकरण र पि.पि. इ सेट</td><td>४८०८१५</td><td>बितरण भरपाइ नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९४५५१९</td><td></td></tr>
</table></td><td>२९४५५१९</td></tr>
<tr><td>४३.</td><td>जोखिम भत्ताः कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को दफा ७ मा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्तिलाइ शुरु तलब स्केलको १०० प्रतिशत, उपचारमा अप्रत्यक्ष संलग्न र ईमेजिङ्ग सेवा प्रदायक जन शक्तिलाई ७५ प्रतिशत र भारत र चीनका नाकाहरुमा स्थापना गरिएका हेल्थ डेस्कमा खटाएका जनशक्ति तथा नमूना प्याकिङ्ग तथा ओसार पसार र बिरामीहरुको ओसार पसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई शुरु तलब स्केलको ५० प्रतिशत जोखिम भत्ता दिने ब्यबस्था छ ।गाउपालिकाले   लकडाउनमा असहाय गरीबलाइ राहत बितरणमा समेत खटिएको भनि ३८ जना पदाधिकारी तथा ६२ जना कर्माचारीलाई देहाय बमोजिम भता वितरण गरेकोमा कार्यबिधि बिपरीत देखिएको रु
<table>
<tr><th>गोश्वरा भौचर मिति</th><th>कर्मचारी संख्या</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१८।२०७७।३।१८</td><td>कोरोना कार्यक्रमको भत्ता
६२ जना कर्मचारी ३८ पदाधिकारी</td><td>कोरोना महामारीमा खटिएको गरीबलाइ राहत बितरणमा खटिएबापतसमेत</td><td>२१९४४५०</td></tr>
</table></td><td>२१९४४५०</td></tr>
<tr><td></td><td>गाँउपालिका पुजिगत</td><td></td></tr>
</table>

४४. **गत बर्षको भुक्तानीः-** आर्थिक कार्यविधि नियमानुली २०६४ को नियम ४० को उप नियमा ७ मा विशेष कारण र परिस्थितिवस उपनियम ८ बमोजिम कुनै व्यक्ति, फर्म, सस्था वा कम्पनी संग भएको सम्झौताको रकम र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको रकम चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भरपाई बमोजिमको रकम आगामि बर्षमा भुक्तानी दिनु पर्ने कारण खोलि माहालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाकिको कच्चावारी चढाई श्रावण १५ भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रमाणित गराई राख्नु पने व्यवस्था छ । गाँउपालिकाले यस बर्ष गत विगत आ.ब. मा सम्पन्न भएको योजनाहरुको भुक्तानी गर्नु पर्ने भनि एकमुष्ठ बजेट रु.९०७९४०००।०० बजेट स्वीकृत गरी यस बर्ष १३१ वटा योजना तथा कार्यक्रमको रु.८५२४८५२७.३८ भुक्तानी गरेको छ । कानून तथा निर्धारीत लेखा ढाँचा अनुसार चालु आ.ब. को बजेटले नखाम्ने भुक्तानी गर्नु पर्ने भएकमा भुक्तानी दिन बाकीको कच्चावरीमा भुक्तानी दिनु पर्ने योजना स्पष्ट खोलि म.ले.प.फा.नं. २११ प्रमाणित गरी भुक्तानी दिईएको नदेखिएकोले यस बर्षको बजेट विवरणमा स्पष्ट भुक्तानी दिनु पर्ने योजना खुलाई भुक्तानी दिईएको नदेखिएकोले भुक्तानी कार्य नियमित देखिएन ।

४५. **बढि भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने ब्यबस्था छ ।गाउपालिकाले देहाय उपभोक्ता तथा निर्माण ब्यबसायिलाई संचालित योजनाको रकम भुक्तानी गर्दा यथार्थ नाप जाचको मुल्याङकन भन्दा बढी हुने गरी भक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु. ७६२८७६

ब.उ.सि.नं.	गो.भौ.नं. र मिति	भुक्तानी लिने	यथार्थ नाप जाचबाट हुनुपर्ने भुक्तानी खर्च कन्टिन्जेन्सि समेत	भुक्तानी खर्च कन्टिन्जेन्सि समेत	बढी भुक्तानी
गाउँपालिका पुँजिगत	१७०।०७६।१२।४	राकेश यादवको घर देखि बरलाईटको घर सम्म उ.स.	११८८४८५	१५०००००।००	३११५१४
	२३१।०७७।२।३०	धानु टोलमा सामुदायिक भवन उ.स.	६००३८६	७०००००।००	९९६१४
	२४५।०७७।३।१२	गा.पा. कार्यालय मर्मत उ.स.	११२५६९८	११४२४२५।००	१६७२७
	२७४।०७७।३।२७	राम एकवलको घर देखि मदरि मण्डलको बाटो ढलान उ.स.	६८६१८४	८०००००।००	१३८१६
	२९८।०७७।३।३०	सुरेस दासको घर देखि बद्रि गाविको घर सम्म बाटो ढलान उ.स.	७०२८९७	७२६१७६।००	२७२७९
	३०२।०७७।३।३०	सनराईज कन्ट्रक्सन	४३५८७४	४५००००।००	१४१२५
	४१।०७६।५।२३	जय वेचयन बाबा निर्माण सेवा	२६२४५५	२६९२४३	६७९०
	४२।०७६।५।२३	कृति निर्माण सेवा	४९७३४८	५०००००।००	२६२५
प्रदेश सरकार ससर्त पुजिगत	४।०७७।३।२१	उमा शंखर पाण्डेको घर देखि सडक ढलान पिसिसि उ.स.	२२२९६१४	२५०००००।००	२७०३८६
जम्मा					७६२८७६

४६. **उपभोक्ता समितिको विल भर्पाइः** सार्वननिक खरिद नियमावली २०६४ को नियम १९ (१) तथा गाउपालिका र उपभोक्ता समितिसंग भएको सम्झौताको शर्तको बुदामा बिस हजार सम्मको प्यान नंवर भएको बिल र सो भन्दा बढिको निर्माण तथा अन्य सामाग्रीको बीलहरु मुल्य अभिबृद्धि करमा दर्ता ब्यक्तीसंग मात्र कारोवार गनुपर्ने ब्यबस्था भएकोमा नमुना छनौट गर्दा उपभोक्ता समितिले कानुन तथा सम्झौताको शर्त बिपरीत कर बिजक बेगर देहाय बमोजिम भरपाइको आधारमा खरिद कार्य गरेको देखिएकोले उपभोक्ता समितिको खरिद कार्य नियमित नहुदा पनि भुक्तानी दिएको देखिएको छ ।यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गोश्वरा भौचर नंवर	उपभोक्ता समितिको नाम	उपभोक्ताको आपुर्तिकता	विवरण	उपभोक्ताको खरिद रकम
१०।०७६।५।१२	उमेश्वर झाको घर सम्म पि.सि.सि. ढलान उ.स.	राम अवतार	ग्राभेल र गिट्टी	१०७८५०
१२।०७६।०५।१२	दिपक मिश्रको घर सम्म पि.सि.सि. ढलान उ.स.	राहुल पण्डे	ग्राभेल, वालुवा र गिट्टी	६०५०००
१४।०७६।०५।१२	राम देव शाहको घर सम्म पि.सि.सि. ढलान उ.स.	राम सुन्दुर यादव	ग्राभेल, वालुवा र गिट्टी	६२६५६३
१६।०७६।०५।१२	राम जिवन मिश्रको घर सम्म पक्की नाला निर्माण	सुवोध शाह	ग्राभेल र गिट्टी	९५२५००
१३०।०७६।०८।०५	हजारि शाहको घर सम्म ग्राभेल तथा नाला निर्माण	सुवोध शाह	ग्राभेल, वालुवा र गिट्टी	६२८८०७
			जम्मा	२९२०७२०

४७. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, नहर निर्माण,कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनु पर्नेमा उपभोक्ता समितिबाट गराएको देखिएकोले अनियमित रु २३२१०९०

गो.भौ नं मिति	उ.स.को नाम	कार्य	प्रयोग भएको मेशिन	खर्च रकम
११७।०७६।६।१४	सोलार लाईट जडान उ.स.	सोलार लाईट जडान	-	१५०००००
१२७।०७६।७।२८	कोचि मुहान हुदै दिदिया नहर निर्माण उ.स.	नहर निर्माण	डोजर	८२१०९०
जम्मा				२३२१०९०

४८. **उपभोक्ताको भुक्तानीमा मुअकर नन्फाईलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वासेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVE रहनुपर्नेमा IRD Portal गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा यस बर्ष गाँउपालिकाले निम्न उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराउदा मुल्यांकन भएको काम र उपभोक्ता समितिले तिरेको मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको तर करदाता नन्फाइलर देखिएकोले आपूतिकर्ताको मू.अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा ननफाईलरलाइ तिरेको मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु. ११०१०६.८४

गोश्वरा भौचर नंवर	उपभोक्ता समितिको नाम	कार्य	आपुर्तिकर्ता पान नंवर	विजक नंवर मिति	मुअकर रकम	ननफाइलर अवधि
३६।७६।५।१९	उ.स.अ. बैधनाथ दास	सडक पि.सि.आर. ढलान	अनिल ट्रेडिङ्ग कन्सर्न ६०१००५६०४	५९	२५३५०	०७६ जेष्ठ देखि
६५।७६।५।२६	उ.स.अ. श्याम दास	पि.सि.आर. ढलान	भोला ट्रेडलिङ्ग ६०७०१९७४२	२८६।०७६।३।१९	४०१९.२६	०७५ मंसिर देखि

८१।७६।५।३१	उ.स.अ कोशल किसोर ढाकुर	पि.सि.आर. ढलान	शिव हार्डवर ३००२५९८९८	७९।०७६।३।१५	३६३३८.९२	०७६ माघ देखि
९५।७६।६।९	उ.स.अ. राम नाथ यादव	घाट निर्माण	शिवम ईन्टरप्राईजेज	१।७६।३।२८	४४३९८.६६	०७६ वैशाख देखि
जम्मा					११०१०६.८४	

४९. **मुअकर भुक्तानीमा नन्फाईलरः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वासेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVE रहनुपर्नेमा IRD Portal गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु. ४४२७३.४५

गोश्वरा भौचर नंवर	कार्य	आपुर्तिकर्ता पान नंवर	विजक नंवर मिति	मुअकर रकम	ननफाइलर अवधि
४८।७६।५।२३	मन्दिरको ग्रिल गेट निमार्ण	शिवजि ईन्जिनेरिङ्ग कन्सर्न। ६०२५५६०४४	१०।७६।३।२२	१२५५८	०७५ श्रावण देखि
७७।०७६।५।३१	सडक पि.सि.सि. ढलान	ब्याहुत निर्माण सेवा ३००१५५१२१	१।७६।४।१	३१७१५.४५	०७५ माघ देखि
जम्मा				४४२७३.४५	

५०. **गैर सरकारी संस्थाबाट नियमविपरत कार्यः-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमूखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ को उप-नियम (१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागी त्यस्तो कामको आबश्यकता,किसिम, समयबधि,कामको गुणस्तर,जनशक्ति ,कार्यसञ्चालन बिधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरी सोहि नियमको उपनियम (२) अनुसार सार्वजनिक निकायले दश लाख सम्मको काम गराउनको लागी त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानुन बमोजिम दर्ता भएको र मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाइ कम्तिमा १५ दिनको अवधि दिइ राष्ट्रियस्तर वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताब माग गनुपर्नेछ ।साथै नियमावलिको उपनियम ५र६ बमोजिम कार्यक्षेत्रगत शर्त पुरा गरी न्युनतम रकम प्रस्ताब गर्ने प्रस्ताबदाताको प्रस्ताब स्विकृतिको सार्वजनिक निकायमा पेश गनुपर्ने सार्वजनिक निकाय त्यस्तो प्रस्ताब स्विकृति गरी प्रस्ताबदातासंग सम्झौता गर्नुपर्ने ब्यबस्था छ ।गा.पा. ले उल्लेखित बमोजिम तालिमहरु संचालन गर्दा प्रश्ताव माग गरी कार्य गराउनु पर्नेमा सिधै देहाय बमोजिम कार्य गाराई भुक्तानी दिईएकोले अनियमित रु. ९०००००

गौ.भौ.नं.	आपूर्तक/परामर्शदाता	विवरण	खर्च रकम
७०।७६।५।२६	जनचेतना विकास केन्द्र, जलेश्वर	क्षमता विकास तालिम	७०००००
७१।७६।५।२६	जनचेतना विकास केन्द्र, जलेश्वर	स्थानिय सरकार विकास तालिम	२०००००
जम्मा			९०००००

५१. **अनुगमन भत्ताः** नं. २ का स्थानीय तहका पदाधीकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन २०७५ को दफा १४ मा यस ऐनमा उल्लेख भएको सुबिधा बाहेक कुनै पनि सुबिधा स्थानीय तहले थप निर्धारण गर्न पाउने छैन भन्ने ब्यवस्था भएको र ऐनको दफा ३ मा पदाधीकारी तथा सदस्यले पाउने सुबिधा अनुसुची १ मा अनुगमन सुबिधाको सम्बन्धमा ब्यवस्था नगरिएकोले सो भत्ता पाउने देखिदैन । गाउपालिकाले पदाधीकारी, सदस्य तथा कर्मचारी समेतलाई वडा नं १ देखि ७ सम्मका योजनाहरु अनुगमन गरे वापत देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको छ । ऐनको उल्लेखित ब्यवस्था बिपरित अनुगमन भत्ता दिने आधार नदेखिएको रु २८९५१००

ब.उ.शि.नं.	गो.भौ.नं /मिति	पदाधिकारी/ कर्मचारी संख्या	बिबरण	अनुगमन भत्ता रकम (कर कटाई)
गाउपालिका पुजिगत	१४०।७६।९।१५	५६	गाँउपालका स्तरीय तथा वडा स्तरीय योजना अनुगमन समिति	११५६८५०
कन्टिजेन्सि	१७।०७७।३।१९	५०		१०५८२५०
	२२।७७।३।३१	१६		६८००००
जम्मा				२८९५१००

५२. **अनुगमन प्रतिबेदनः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ को ४ (ख) ५मा उपाध्यक्ष वा उप प्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिकामा संचालित अधिकांश योजनाहरुको उप प्रमुखले अनुगमन गरेको देखिएन । साथै उप प्रमुखले अनुगमन गरेका योजना र अनुगमन समितिले अनुगमन गरेका योजनाहरुको अनुगमन प्रतिबेदन बैठकमा पेश गरेको प्रमाण देखिएन । अत गाँउपालिका कार्यालयले स्थानिय सरकार संचालन ऐनमा भएको ब्यवस्थालाइ परिपालना गर्नु पर्दछ।

५३. **सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ईस्काभेटर थान एक रु. ४३,५०,०००।—, महेन्द्रा स्कार्पियो जिप ४४,२५,०००।- र मोटरसाईकल ४९७८००।— गरी रु. ९२,७२,८००।- खर्च गरेको छ।

५४. **प्रमाण कागजात पेश नभएको:-** आर्थिक कार्यविधि नियमावली २०६४ को वजेटमा ३६(३) मा खर्च गर्दा खर्चेको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। गाउपालिकाले देहाय गोश्वरा भौचरबाट बजेट खर्च लेखि भुक्तानी गरेकोमा संलग्न श्रेस्तामा उल्लेख भए बमोजिमको कागज पेश नभएकोले पेश गर्नु पर्ने रु. ९१५१८३६

व.उ.सि.नं.	**गो.भौ.नं.**	**आपूर्तक**	**खर्च रकम**	**विवरण**
गाउपालिका पुजिगत	८२।७६।५।३१	यरिकम ईन्जिनेरिङ्ग	१५४४६५६	ल.ई. टेन्डर कार्य सम्झौता पेश नभएको
ससर्त पुजिगत	४।७६।११।१०	भौतिक पूर्वधारबपत विद्यालयलाई निकासा	६४६४०००	विल, भरपाई, मुल्याङ्कन पेश नभएको
स्थानिय पूर्वाधार	५।७७।३।२४	अधुरो विद्यापतिद्वार निर्माण उ.स.	१००००००	मुल्याङ्कन, नापि, कार्य सम्पन्न र युजर कमिटिको विल कार्यालय प्रमुखबाट प्रमाणित नभएको
आकस्मिक कोष	१९।७७।२।३		१४३१८०	विल, भरपाई, फाटवारी पेश नभएको
जम्मा			९१५१८३६	

५५. **जिन्सी दाखिला**–आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाले निम्न भौ न र मिति वाट विभिन्न सामान खरिद गरेको भनी खर्च लेखेकोमा खरिद भएका समानको जिन्सी दाखिला नभएकोले दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु. ७००५६३

ब.उ.शि.नं.	भौन र मिति	माल सामान विवरण	खरिद प्रयोजन	रकम

कन्टिजेन्सि पुजिगत	२।७६।१२।७	डेस्टप २ थान आई फाईभ, प्रिन्टर २ सेट	कार्यालय प्रयोजन	२७२३३०
	७।७७।३।२१	मोवाईल फोन १थान	लक्ष्मेश्वर ठाकुर लेखा शाखा	८९९४८
ससर्त पुजिगत	२।७६।११।३	ट्याबलेट ७ थान	गरिव घर पहिचान बापत	२६४४२०
स्थानिय पूर्वाधार	८।७७।३।२४	अर्जुन स्टेस्नरीलाई भुक्तानी दिईएको	स्टेशनरी सामान	४३८६५
	६।७६।६।२४			३००००
जम्मा				**७००५६३**

आकष्मिक कोष

५६. **लक्ष्यित बर्गलाइ सामान बितरणः** आर्थिक कार्यबिधि नियमावलि २०६४ नियम ३६ मा खर्च लेख्दा बिल भर्पाइ समेतको लेखा राख्रनुपर्ने ब्यबस्था छ ।गाउपालिकाले बिपन्न नागरिक,दलित बालबालिका तथा बिद्यालयका बिद्यार्थिलगायत लक्ष्यित बर्गलाइ बितरण गर्न देहाय बमोजिम सामान खरिद गरेकोमा लक्ष्यित बर्गलाइ बितरण गरेको भरपाइ नभएको रु — २३५७७४५

ब.उ.शि.नं.	गोश्वरा भौचर नंवर	आपूर्तिकर्ताको नाम	मालसामानको बिबरण	खर्च रकम
आकष्मिक कोष	११।७६।१०।१६		हाईनेक स्वीटर ३३०० थान १-५ सम्मका विद्यार्थिको लागि	१९९५०१५
आकष्मिक कोष	१३।७६।१०।२९	युनिमा जेनरल सप्लायर्स	चिल्ड्रेन स्वीटर ६०० थान	३६२७३०
जम्मा				२३५७७४५

शसर्त अनुदान

५७. औषधि खरिद एवं भण्डारण प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । कार्यालयले यस वर्ष गाउपालिकाले चालु बाट रु १४६९३५३।२८ चालु सशर्तबाट रु १०५००००।०० गरी जम्मा रु. २५१९३५३।०० को औषधी खरिद गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार

१,स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन ।

२, आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको Manufacture Date , Expiry Date, Batch no, Manufacture Companyको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन ।

३, आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date विलमा वा लिष्टमा उल्लेख भएको पाइएन ।

कार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गर्नुपर्दछ ।

५८. आयकर ऐन २०५८ को दफा ८७ को १मा प्रत्यक रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आएको गणना गर्दा समापेश भएको सोत नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुची १ बमोजिम कटटा गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न कर्मचारीहरुलाइ भुक्तानी गरेको प्राबिधिक छुट ग्रेड रकम कर्मचारीको बार्षिक अम्दानीको आयमा समापेश नगरी भुक्तानी गरेको देखिएकोले कर कटटी छुट हुन गएको रु ८३५२२।२३ असुली हुनु पर्ने रु — ८३५२२।२३

क छुट ग्रेडको कर कटी नभएको

सि न	कर्मचारीको नाम	आयमा समापेश नभएको रकम	कर छुट भएको रकम
१	श्री शम्भु कुमार मिश्र	६१६८०।९६	५५५१।२८
२	श्री प्रमोद ठाकुर	६१६८०।९६	५५५१।२८
३	श्री हेरराम शाह	६१६८०।९६	५५५१।२८
४	श्री जहरुदीन राइन	६१६८०।९६	५५५१।२८
५	श्री नारायण पाण्डे	६१६८०।९६	५५५१।२८
६	श्री राम बिनेश राय	६८१२७।८४	६१३१।५०
	जम्मा		२७७६५।४३

ख बार्षिक अम्दानी आयमा समाबेश नभएको

सि न	कर्मचारीको नाम	बार्षिक आय कटटी रकम बाहेक	कर छुट आय	कर योग्य आय	कर रकम
१	श्री रबि बिक्रम शाह	५२४५५३।६०	४७००००	५४५५३।६	४९०९।८
२	डा संजय कुमार यादव	५३२२७८।२०	४७००००	६२२७८।२	५६०५।०
३	डा अभिनेश कुमार झा	५५४६९०।४०	४७००००	८४६९०।४	५६७८।१
४	डा अंशु प्रिया	५५४६९०।४०	४७००००	८४६९०।४	५६७८।१
५	श्री बिजयनारायण पाणडे	४९५९७८।००	४७००००	२५९७८।०	२३३८।०
६	श्री बिपिन कुमार झा	५१२३७५।४०	४७००००	४२३७५।४	३८१३।७
७	श्री प्रमोद कुमार ठाकुर	५२४२५५।४	४७००००	५४२५५।४	४८८२।९
८	श्री हेरराम शाह	५४८०१५।४	४७००००	७८०१५।४	७०२१।३
९	श्री जहरुदीन राइन	५४८०१५।४	४७००००	७८०१५।४	७०२१।३
१०	श्री श्याम सुन्दर शाह	५०६४३५।४	४७००००	३६४३५।४	३२७९।१
११	श्री इन्द्रदेव शाह	४९७१५६।४	४७००००	२७१५६।४	२४४४।०
१२	श्री शम्भु कुमार मिश्र	५०४२८४।४	४७००००	३४२८४।४	३०८५।५
	जम्मा				५५७५६।८

५९. **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी दरबन्दी मिलान शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाउपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि. नि.मा.वि. मा.बि. मा राहात समेत गरी १६ वटा बिधालयमा जम्मा १४४ जना दरवन्दी मौज्दात देखिएता पनि गाउपालिकाले विद्यालयको अवस्था ,विद्यार्थीको, अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर गाउपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षक तलबको लागी निकासा दिएको रु ६८४७४२०१।०० वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन । स्थायी. अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।

६०. गाँउपालिका कार्यालयमा १६वटा बिधालय रहेकोमा हालसम्म गाउपालिका कार्यालयले कुन बिधालयमा कति शिक्षक दरबन्दी रहका छन सो बारे एकिन तथ्यांक अधाविधक गरेको देखिएन । बिधालयले माग गरी पठाएको बिवरणका आधारमा शिक्षक तलब लगाएत अन्य अनुदानका रकमहरु निकासा दिने र सोको बारे के कस्तो अवस्था छ अनुगमन गरेर प्रतिबेदन समेत गरेको देखिएन ।यसरी अभिलेख बेगर बिधालयको मागको आधारमा बिधालयलाई निकासा गएको रकम वास्तबिक खर्च हो भन्न सकिएन र चालु आर्थिक बर्ष २०७६।७७मा बिधालय शिक्षकको प्रथम चौमिसक निकासा रु २५७१८९५६।८२ गएकोमा गाउपालिकाले बिधालयको तलब निकासा माग फाराम, दरबन्दी बिवरण उपलब्ध नगराएकोले पेश गर्नुपर्ने रु

२५७१८९५६।८२

६१. **फरक शिर्षक खर्चः** यस गाँउपालिका कार्यालयले अन्तीम चौमासिक शिक्षकको तलब निकासा दिदा दिवा खाजा शिर्षकबाट तलब शिर्षकमा भौ.च.नं. १८०।२०७७।३।१८ बाट रु २८५०९२७।६६खर्च लेखेको नियम संगत नदेखिएको रु

२८५०९२७।६६

६२.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । विद्यालयहरुको प्राप्त तथ्यांक अनुसार यस गाउपालिका क्षेत्रभित्र १६ वटा विद्यालय, १४४ शिक्षक रहेकोमा कुन बिधालयमा कतिवटा बिधार्थी रहेका छन गाउपालिका कार्यालयले बिधार्थीको आईएमआइएस बिवरण अधाविधिक गरी राखेको नदेखिएकोले शिक्षक बिद्यार्थी अनुपातको अन्तर के कति रहेको छ एकिन गर्न सकिएन । अत कार्यालयले एमआइएस बिवरण तथार गरी बिधार्थीको बिवरण अधावधिक गर्नु पर्दछ ।	
६३.	**कच्चावारी बेगरको भुक्तानीः** आर्थिक कार्यबिधी नियमावली २०६४ नियम ४० को ७ मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाइ बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षक कार्यालयले तोकेको ढाचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाइ श्रामण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रकबाट प्रमाणित गराइ राखु पर्ने व्यवस्था गरेको छ । यस गाउपालिका कार्यालयलले मर्कज दावते इस्लामीफैजानेमदिना एकरहिया ९ लाइ भुक्तानी दिन बाकीको कच्चावरी बेगर गो भौ न ८४।२०७६।१०।२१ बाट रु १५९०००।०० भुक्तानी दिएको देखिन्छ । यसरी नियमावलीमा भएको व्यवस्था बिपरीत भुक्तानी दिन बाकी कच्चावारी प्रमाण बेगर भुक्तानी दिएको नियमसंगत नदेखिएको रु	१५९०००।००
६४.	**पाठ्य पुस्तक खर्चः** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.४.६.१ मा उल्लेख गरे अनुसार बिधार्थी भर्ना भएको बिवरण,पाठयपुस्तक खरिद र बितरण गरेको आधारमा थप निकासा दिने व्यवस्था छ । यस गाउपालिका कार्यालयले १६ वटा बिधालयमा पाटयपुस्तक खरिद्रका लागी आ.ब.२०७६।७७ मा रु २४५१३०५।०० निकासा दिएकोमा बिद्यालयहरुले पुस्तक खरिद गरी बितरण गरेको बिल भरपाई पेश गरेको देखिएन । बिद्यालयको खातामा निकासा गएको उक्त रकमबाट बिद्यालयले कतिको पुस्तक खरिद गरी बितरण गरे कति रकम बाकी छ एकिन हुन सकिएन । गाउपालिका कार्यालयले बिद्यालयमा निकासा गएको रकमको बिलभरपाई लिई वास्तविक खर्च एकिन गरी बिल भरपाइ बिद्यार्थी हाजिर अभिलेखका आधार पेश गर्न लगाई बाकी रहन गएको रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने रु	२४५१३०५।००
६५.	**दिवा खाजा** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७६।७७ को क्रियाकलाप मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने र स्थानिय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिदार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपी बिदालयका प्रधानाध्यापक र बिब्यस अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी ,संख्या एकिन भए पश्चात मात्र थप निकासा दिने व्यवस्था मिलाउने उल्लेख गरेको छ । यस कार्यालयले एकमुष्ट १६ वटा बिद्यालयको खातामा निकासा दिएको रु ३५०३९५०।०० हालसम्म बिद्यार्थी बिवरण र हाजिरीको बिवरण गाउपालिका कार्यालयमा पेश गरेको देखिएन ।यसले गर्दा कुन बिद्यालयमा कति दिवा खाजामा खर्च भएको छ भनी एकिन गर्नृ सकिने आधार देखिएन । अत गाउपालिका कार्यालयले बिद्यालयले ८ महिनामा १८० दिन नबढने गरी हाजिरी र परिक्षमा सहभागी भएका बिद्यार्थीको बिवरण लिई खर्च एकिन गरी बाकी रहेको रकम संघिय सरकारको संचित कोषमा दाखिला गर्नु पर्ने रु	३५०३९५०
६६.	**छात्रवृत्ती रकमः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ को उपनियम (३) अनुसार बजेट रकम भित्रको कुनै रकम खर्च गर्दा विल भरपाइ सहितको लेखा राखु पर्ने व्यवस्था छ । कार्यालयले छात्रवृतिको रकम रु १६८६०००।०० सम्बन्धित विद्यालयको खातामा जम्मा गरि दिएकोमा उक्त छात्रवृत्ती रकम सबै विद्यालर्थीहरुलाई वितरण गरेको भरपाई पेश नगरेको तथा उक्त छात्रवृतिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट छात्रावृत्ती वितरण एवं प्रभावकारीता सम्बन्धमा विश्वस्त हुन नसकिएको रु	१६८६०००।००
६७.	कार्यक्रम कार्यान्यिन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.१३.८ मा उल्लेख गरे बमोजिम बुक कर्नर ब्यवस्थापन गर्न कक्षा १—१२ गरी जम्मा रु १३८१४१०।००अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अत कार्यालयले अनुगमन प्रतिबेदन तयार गर्नु पर्ने रु	१३८१४१०।००
६८.	**सामुदायीक बिद्यालयको गुणस्तरः** सामुदायीक बिद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यानयन गरी बिद्यालयमा शैक्षिक गुस्तर सुधार गर्ने व्यवस्था छ । यस गाउपालिकाले आ.व. २०७६।७७ बिद्यालयको शैक्षिक गुणस्तरको बारे	

	अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन ।अत गाउपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
६९.	**निजी बिद्यालयको शुल्क निधारण :** निजी बिद्यालयहरुको शुल्क निधारण स्थितीको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी बिधालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिकाले आ.वा. २०७६।७७ बिद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन ।अत गाउपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरुको शुल्क निधारण बारे अनुगमन गर्नतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
७०.	साक्षरता अभियान कार्यक्रम भनी गो भौ न११८।२०७७।१२।५ मा कार्यालयले सुरज जनरल स्टोरलाइ रु २८१९५४।७७ भुक्तानी दिइ ८०७५ कपी ८०७५ पेन्सील ८०७५ इलाजर र ८०७५ कटर खरिद गरी बिभिन्न बिधालयका बिधार्थीलाइ २५ थान कपी २५ थान पेन्सील २५ थान इलाजर र २५थान कटर गरी बितरण गरेको भरपाइ राखेको देखिन्छ । यसरी साक्षरता अभियानको लागी बिनियोजित रकम सही रुपले प्रयोग हुनु पर्नेमा १वटा पेन्सील प्रयोगको लागी १ वटा इलाजर र १वटा कटर बितरण गरेको कार्य वास्तबिक हो भन्न सकिने अवस्था नदेखिनुको साथै एउटा बिधार्थीलाई एकै पटक २५वटा समान उपल्बध गराएको देखिने आधिकारीक कार्यक्रम भएको कुनै प्रमाण समेत राखेको देखिएन । अत यसरी सिमा भन्दा बढी बितरण गरेको भरपाइ नै वास्तिविक हो भन्न सकिने अवस्था नदेखिकोले उक्त खर्च रकम नियमसँगत नभएको रु	२८१९५४।७७
७१.	**बिद्यालय निमार्णः** विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको लागि पहिलो किस्ता ३० प्रतिशत कार्त्तिक मसान्त सम्म, फर्निसिङ बाहेकको कार्य सम्पन्न गरे पश्चात दोश्रो किस्ता ५० प्रतिशत र कार्य सम्पन्न पश्चात बाँकीमा २० प्रतिशत निकासा दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका उल्लेख छ। त्यसरी नै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । गाउपालिकाले आर्थिक वर्षको अन्त्यमा एकमुष्ट देहाय बमोजिम रु ६२००००० बिद्यालयहरुलाई निकासा दिइ विद्यालयको खाता रोक्का राखेको छ । कार्यक्रम कार्यान्वयन निर्देशिका विपरित विद्यालयलाई निकासा दिएको समेत देखिएको र नापी किताब, कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्ने रु	६२०००००

सि न	विद्यालयको नाम	कार्यक्रमको नाम	रकम
१	आधारभुत बिधालय अतराढ	बिदालय ४ कोठे भवन निमार्ण	१६०००००
२	मा बि वनौली	बिदालय ४ कोठे भवन निमार्ण	१६०००००
३	राम ज स आ बि रतनपुर	बिदालय ४ कोठे भवन निमार्ण	१६०००००
४	आदर्श मा बि रतौली	शौचालय निर्माण	७०००००
५	श्री मा बि खैरवा	शौचालय निर्माण	७०००००
	जम्मा		६२०००००

७२.	**सेनिटरी प्याड वितरण :** गाँउपालिका कार्यालयले विद्यालयमा अध्यनरत छात्राको लागी खरिद गरेका रु २०४७०२७।०९ को २५९१६ सेनीटरी प्याड बिधालयलाई बुझाएको देखिएन । गाउपालिका कार्यालयले खरिद गरेका प्याडहरु विद्यालयलाई बुझाई बिधालयले छात्राहरुलाई बुझाएको भरपाई पेश गर्नु पर्ने रु	२०४७०२७।०९
७३.	**न्युन प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्ध हुने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार बोलपत्र विक्रि भएको तुलनामा न्युन संख्यामा दाखिला भएको र कवोल अंक लागत अनुमानकै हाराहारीमा रहेको पाइयो । यसबाट ठेक्का प्रतिस्पर्धात्मक रहेको देखिएन । बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुनसक्ने भएकोले सो तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ । बोलपत्रमा सहभागिता र लागत कवोलको स्थिति निम्नानुसार रहेको छ । ठेक्का प्रतिस्पर्धात्मक बनाउन ऐनको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।	

क.सं.	कार्यक्रमको नाम	लागत अनुमानप्रति पिस	स्वीकृत रकम रु हजारमा	दाखिला संख्या	घटी पतिशत
१	औषधी खरिद	४०५३।२९	४००४।७२	३	१.१९
२	सेनिटरी प्याड खरिद	७०।३३	६९।९०	३	०.६१

७४. **प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिका कार्यालयले भौचर न २०६।२०७७।३।३१ बाट कोभिड १९ को क्षेती न्युनिबरण तथा बिधार्थी सिकाइ प्रबर्द्धन कार्यक्रमको लागी रेडियो जनकपुरलाइ रु ११३०००।०० भुक्तानी दिएको देखिन्छ । यसरी भुक्तानी दिदा कार्यालयले उक्त संस्था सँग कार्यक्रम एकिन गरी बिधार्थीको लागी समय सम्म उल्लेख गरी कार्यक्रम संचालन गर्नु पर्नेमा सो गरेको प्रमाण देखिएन ।साथै रेडियो जनकपुरले उक्त कार्यक्रम संचालन गरेको सिडी समेत गाउपालिकालाइ उपलब्ध गराएको देखिएन । अत कार्यक्रम संचालन गरेको प्रमाण पेश हुनु पर्ने रु

११३०००।००

७५. **साक्षर नेपाल अभियानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को ६.९मा यस बर्ष स्थानिय तहलाई पुर्ण साक्षर बनाउन गरी बजेट तथा क्रियाकलाप सहितको बिस्तृत कार्ययोजना निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गराउने र निरक्षरतापहिचान पुर्व तयारी,सामाग्री ब्यवस्थापन भाद्र महिना सम्म सम्पन्न गरी असोज १ बाट कक्षा संचालानको ब्यवस्था मिलाउने र माघ र फागुन सम्म स्थानिय तहलाई साक्षर घोषणा गर्न बजेट बयवस्था गरेकोमा यस गाउपालिका कार्यलयले उल्लेखित अवधिमा कार्य नगरी साक्षरता अभियानको रकम कार्यक्रम कार्यनवन पुस्तीका बिपरीत भौचर न १४१।२०७७।१।१६बाट रु ५६१२१५।००को भुक्तानी दिएको रकम नियम संगत देखिएन र हालसम्म उक्त कार्य सम्पन्न गरेको प्रमाण पेश गरेको नदेखिएको रु

५६१२१५

७६. **प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिका कार्यालयले निम्न कार्यक्रम संचालन बापत भुक्तानी दिएको रु ४०९०००।०० को बितरण गरेको भरपाइ पेश गरेको देखिएन । अत कार्यालयले बितरण गरेको भरपाइ पेश गर्नु पर्ने रु

४०९०००

सि न	कार्यक्रमको नाम	समानको नाम	गो भौ न	रकम
१	माटो परिक्षण	स्वाइल कन्डीसार १६केजी	१९६।२०७७।३।२७	२०००००
२	मत्स्य उपचार	माछाचुन १४५०	१९२।२०७७।३।२७	२०९०००
	जम्मा			४०९०००

७७. **सशर्त शिर्षकबाट खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।यस गाउपालिका कार्यालयले निम्न भौचरबाट रु ३९८२७८।०० दलित उत्थान समिति नेपाललाइ खर्च लेखेको रकम सशर्त कार्यक्रममा समाबेश गरेको देखिएकोले सो शिर्षकबाट खर्च लेख्न पाउने आधार पेश गर्नुपर्ने रु

३९८२७८।००

सि न	भुक्तानी पाउनेको नाम	भौचर न	रकम
१	दलित उत्थान समिति नेपाल	१६८।२०७७।३।१६	५७६१५
२		२००।२०७७।३।२९	१६०६६३
३		१५९।२०७७।२।२६	१८००००
	जम्मा		३९८२७८।००

७८. **गरिव परिचय पत्र बितरणः** गरीब घर परीवार पहिचान तथा परिचयपत्र वितरण कार्यको लागी गाउपालिका कार्यालयले मिति २०७६।९।१ देखि लागु हुने गरी २०७७।१।३१ भित्र सम्पन्न गर्ने गरी करार सम्झौता भएकोमा नेपाल सरकारले मिति २०७६।१२। ११ देखि २०७७ जेठ मसान्त सम्म नेपाल अधिराज्यभर लगडाउन गरेको अवस्थामा निम्न करारका कर्मचारीलाइ कार्य सम्पन्न गरी नसकेको अवस्थामा निजहरुलाइ सम्झौतामा उल्लेखित कार्य सम्पन्न नगरी पुरै रकम भुक्तानी गो भौ न १४५।२०७६।१।२८ र १२५।१२।२७ बाट रु ४०६५००।०० खर्च लेखेको देखिएकोले कार्य सम्पन्न गरेको भए प्रमाण पेश गर्न अन्था सम्बन्धितबाट असुल गरी संघिय संचित कोष दाखिला हुनु पर्ने रु

४०६५००।००

सि न	नाम थर	महिना तलब र संचार खर्च	रकम
१	श्री रंजु कुमारी	२	७०४००।००
२	श्री रिकु देबी		६७२२०।००
३	श्री संगीता ठाकुर	२	६७२२०।००
४	श्री साधना मंडल	२	६७२२०।००
५	श्री कमल कुमार ठाकुर	२	६७२२०।००

६	श्री भोगेन्द्र पासवान	२	६७२२०।००
	जम्मा		४०६५००।००

गाउपालिका चालु

७९. **राजश्व बाडफाँडः** राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले आ.ब. २०७६।७७ को लागी संघिय बिभाज्यकोषबाट स्थानिय तहमा मिति २०७५।११।२९ मा राजश्व बाडफाडबाट प्राप्त हुने रकमको उपयोगको गर्दा राजश्व बाडफाडबाट प्राप्त हुने रकम मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने,प्रशासनिक खर्च आफ्नो आन्तरीक आयबाट ब्यबस्थापन गर्ने तर अत्याबश्यक प्रशासनिक खर्चको लागी आफ्नो आन्तरीक आय अपर्याप्त भएको अबस्थामा मात्र किफायती रुपमा राजश्व बाडफाडको रकम उपयोग गरी बाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट बिनियोजन गनुपर्ने गरी मार्गदर्शन गरेकोमा गाउँपालिकाले प्राप्त अनुदान रकममुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी सवै रकम दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेको देखिएकोले आन्तरीक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्छ ।

८०. **तलबी प्रतिबेदन**-स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन कार्यपालिकाबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था (२) रहेको छ । कार्यालयले यस वर्ष गाउपालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु.११०५६८५२ तलवमा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन हुन सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

८१. **घरभाडा** सार्बजिनक खरिद नियमावली २०६४ को नियम ९४ को उपनियम ४ मा सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय भाडा निर्धारण समिति रहने र सोहि नियमको उपनियम ७ र ८ बमोजिम समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि सार्वजनिक निकायले घर जग्गा धनी सग सम्झौता गरी घर जग्गा भाडामा लिनुपर्ने ब्यबस्था छ ।गाउपालिकाले भाडा निर्धारण समितिको निर्णय बेगर गाँउपालिकाको कार्यालय, वडा कार्यालय लगायत बिभिन्न प्रयोजनको लागी यस बर्ष रु ३५८२६६ भाडा खर्च भुक्तानी भएको छ । भाडा निर्धारण समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि मात्र घर भाडा भुक्तानी गरीनुपर्दछ ।

८२. **आवश्यकता भन्दा बढी खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ मा माल सामान खरिद सम्बन्धी कारवाही शुरु गर्नु अघि सम्बन्धीत सार्वजनिक निकासाको खरिद व्यक्तिबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। यस कार्यालयले सो नियमावलीको पालना नगरी गाँउपालिकाबाट विनियोजन बजेटका आधारमा सोझै वजारबाट सामान खरिद गरी जिन्सी खातामा दाखिला गर्ने र जिन्सी साखाबाट सम्बन्धित शाखामा हस्तान्तरण गरी शाखामा नै थन्क्यार राख्ने गरेको देखिन्छ। यसरी खरिद गरेको सामान गाँउपालीकाको कार्यक्रम अनुसार खरिद गरी वितरण नगरी गोदाममा हालसम्म रु. २७९७५४२।९६बरावरको समान रहेको देखिन्छ ।अत समान खरिद गर्ने पदाधिकारीलाई जिम्मेवारी बनाई वितरण गरेको प्रमाण पेश गर्नु पर्ने रु २७९७५४२।९६

सि.नं.	समानको नाम	गो.भौ.नं.	संख्या	रकम
१.	जेष्ठ नागरीकको झुल खरिद	७०/२०७६/८/४	१५४८	१३,९९,३९२
२.	विद्यार्थीलाई ड्रेस खरिद	७१/२०७६/८४	६२४ जोर	११,९८,७०४
३.	कम्मल खरिद	१४१/२०७६/१०/१५		१९९५४६.९६
	जम्मा			२७९७५४२।९६

८३. आर्थिक कार्यविधि नियमावली २०६४ को वजेटमा ३६(३) मा खर्च गर्दा खर्चेको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। यस कार्यालयले कानुनी सल्लाहकारको परामर्श भनी विजय कुमार ठाकुरलाई बार्षिक रु. ३,६०,०००।— भुक्तानी दिएको देखिन्छ भने परामर्श दिदा सल्लाकारले कुन कुन कार्यमा परामर्श प्रदान गर्यो र सो बाट के उपलब्धी भयो स्पष्ट खुल्ने प्रमाण देखिएन साथै स्थानीय सरकार संचालन ऐनमा यसरी सल्लाहकार राख्न नपाउने भनी उल्लेख गरेकोमा कार्यालय कार्यमा खर्च गरेको देखिएको रकम नियमसंगत नभएको रु ३६००००।-

८४. **पदाधिकारी थप सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ को दफा १४ ले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन भन्ने व्यवस्था छ। यस कार्यालयले पदाधिकारीको पोशाक कुन लगाउन कहिले लगाउन जस्ता विषय एकिन नगरी भौचर न ९३/२०७६/९/३ बाट पोशाक खरिद वापत रु ३४३००११ र गो.भौ.नं. ३१७/२०७७/३/१९ बाट पोशाक सिलाई भनी १४२४०० गरी जम्मा रु ४५५४११ खर्च लेखेकोले सम्बन्धीत पदाधिकारीबाट उक्त रकम असुल हुनु पर्ने रु ४८५४११

८५. स्थानीय सरकार संचालन ऐन २०७४ मा राजश्व परामर्श समिति न्यायीक समिति योजना तर्जुमा समिति जस्ता समितिको कानुनमा नै स्पष्ट व्यवस्था गरेकोमा यस कार्यालयले निम्न विभिन्न अन्य समितिको बैठक भत्ता भनी खर्च लेखेको देखिन्छ। यसरी कानुनमा उल्लेखित भन्दा बाहेक समितिलाई खर्च लेखेको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु १२२०००

सि.नं	समितिको नाम	गो.भौ.न	संख्या	रकम
१.	शिक्षा समिति	१०।२०७६।६।१	१२+२१*२	६६०००
२	शिक्षा समिति	१४।२०७६।८।५	१३	१३०००
३.	महिला बालबालीका समन्वय समिति	८७।२०७६।८।२१	१८*२	२९०००
३.	अपाङ्ग समन्वय समिति	१५५।२०७६।११।२	१४	१४०००
			जम्मा	१२२०००

८६. **आफ्नो भ्रमण आफैं स्वीकृतः** भ्रमण खर्च नियमावली २०६४मा कार्यलय प्रमुख पदाधिकारीले भ्रमण गर्दा एक तह माथी बाट भ्रमण आदेश स्विकृत गराउनु पर्ने व्यवस्था छ। यस कार्यलयका प्रमुख प्रशासकीय अधिकृत श्री सम्भु ठाकुरले पिपरा काठमाडौ, पिपरा बर्दिबास ५ पटक आफ्नो भ्रमण आफैं स्विकृत गरी भौ.न. १६१।२०७६।११।४ बाट रु ५७२०० भुक्तानी लिएकोले असुल हुनुपर्ने रु ५७२००

८७. भ्रमण खर्च नियमावली २०६४ मा स्वीकृत भ्रमण आदेश वेगर कुनै पनी पदाधिकारीले भ्रमण गर्न नहुने व्यवस्था गरेको छ। यस कार्यलयका निम्न पदाधिकारीहरुलाई भ्रमण आदेश स्वीकृत वेगर भौ.नं २०७६।११।२१ बाट रु ४६४०० खर्च लेखेको नियम संगत नदेखिएको रु ४६४००

सि.नं.	नाम थर	भ्रमण अवधि
१.	समशुल नदाफ	२०७६।०९।२४ देखि २०७६।०९।३० सम्म
२.	समशुल नदाफ	२०७६।१०।१० देखि २०७६।१०।१६ सम्म
३.	किशोर महत	२०७६।०९।१० देखि २०७६।०९।१५ सम्म
	किशोर महत	२०७६।१०।०१ देखि २०७६।१०।०७ सम्म

८८. आर्थिक कार्यविधि नियमावलीको नियम ३६८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले अल इन वन किताब गो.भौ.न. ३०२।२०७७।३।११ बाट रु २२०००० कोटेशन लिई भुक्तानी दिदा, खरिद गरेका कितावहरु विद्यार्थीलाई वितरण गरेको भर्पाई नभएकोले वितरणको भर्पाई पेश गर्नुपर्ने र कोटेशनमा उल्लेख दर रु १८५ भएकोमा बिल पेश रु २२० का दरले पेश गरेकोले १००० किताबको रु ३५ का दरले बढी भुक्तानी भएको देखिएको रु ३५००० असुल गर्नुपर्ने रु ३५०००

८९. **जिन्सी दाखिला**-आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । श्री रामनारायण अयोध्या मा.वि.को लागी भौ.च.नं. २९७।२०७७।३।२ बाट रु ३९९९१२।३१ का खरिद गरीएका ३४ प्रकारका समान विद्यालयमा जिन्सी दाखिला भएको प्रमाण देखिएन। जिन्सी दाखिला गरेको विद्यालयले प्रमाण पेश गर्नुपर्ने रु ३९९९१२।३१

९०. आर्थिक कार्यविधि नियमावली २०६४ को वजेटमा ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। कक्षा १ का विद्यार्थीका लागी खरिद गरेका निम्न समानहरुको भौ.च.न. ३०४।२०७७।३।११ बाट रु २८०००० खर्च लेखेकोमा उक्त समानहरु विद्यार्थीलाई वितरण गरेको भर्पाई विद्यालयबाट उपलब्ध गराएको देखिएन। अत समान वितरण गरेको भर्पाई पेश गरेको हुनुपर्ने रु २८००००

सि.नं.	समानको नाम	संख्या
१.	कपी ४०(१*६)१०००	६००० पिस
२.	पेन्सिल	१६७ प्याकेट
३.	कटर	१०० प्याकेट
४.	इरेजर	१०० प्याकेट

९१. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा कुनै रकमको खर्च गर्दा खर्चको विल भरर्पाई राख्नुपर्ने व्यवस्था छ। यस कार्यालयले निम्न कार्यक्रमको लागी भौ.च.नं.३३६।२०७७।३।२७ बाट रु १७३२२६८ खर्च लेखेकोमा कार्यक्रम गरेको प्रमाण नदेखिएको र वितरणको समेत भर्पाई पेश भएको देखिएन। अत कार्यालयले प्रमाण पेश गर्नुपर्ने रु १७३२२६८

सि.नं.	कार्यक्रम	पार्टीको नाम	रकम
१.	कृषि कार्यक्रम	मानवी भेट फर्मा	२८४९३९
२.	पशु कार्यक्रम	हरियाली राजभण्डार	१८९८७५
३.	कृषि कार्यक्रम	गीता इन्टरप्राइजेज	४३९९८०
४.	कृषि कार्यक्रम	मौकाली जेनरल अर्डर सप्लाएर्स	३८०२५०
५.	कृषि कार्यक्रम	न्यु महारानी जनरल अर्डर्स	४३७२२४
		जम्मा	१७३२२६८

९२. **समान वेगरको भुक्तानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सबै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यलयले खेलकुद सामाग्री खरिद भनी ९ वटा सामाग्री ५ दिन भित्र उपलब्ध गराई दिने भनी लेखेको पत्रको आधारमा भौ.नं. ३४४।२०७७।३।२८ बाट १९९६६५ समान वेगर नै विलको आधारमा भुक्तानी दिएको देखिन्छ। यसरी वर्षादको अन्तमा समान खरिद गरी बजेट सक्ने उद्देश्यले खर्च गरेको रकम बास्तवीक कार्यको लागी हो भन्न सकिने अवस्था देखिएन। अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी समान दाखिला प्रमाण पेश गर्नु पर्ने रु १९९६६५

९३. कार्यालयले सिलबन्दी कोटेशन गरी ४ वटा सडक लाईट जडान गर्न भौ.नं. ३६५।२०७७।३।३१ बाट रु ७४७९४५.९४ भुक्तानी दिएकोमा आलोक् इलेक्ट्रोनिक्स, जलेश्वरसँग ३ बर्षे वारेन्टी कार्ड उपलब्ध गराउने भनि उल्लेख गरेकोमा कम्पनीले कार्यालयलाई वारेन्टी कार्ड दिएको देखिएन। अत कार्यालयले कम्पनीको आधिकारीक वारेन्टी कार्ड लिएको प्रमाण पेश गर्नुपर्ने रु ७४७९४५.९४

९४. लेखापालश्री लक्ष्मैश्वर ठाकुरलाई भौ.नं. ३८३।२०७७।३।३१ बाट स्थानिय भत्ता भनी १४३२३२ उपलब्ध गराएकोमा निजलाई उक्त भत्ता दिने भनी कार्यपालिकाले निर्णय गरेको प्रमाण पेश भएन। अत गाउँ कार्यपालिकाले निर्णय गरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु १४३२३२

९५. **गाउसभा खर्चः** गाउपालिका कार्यालयले चालु आर्थिक वर्ष २०७६/७७ को सभा संचालन बापत रु १७०७९०० खर्च लेखेको देखिन्छ अत कार्यालयले यस्ता अनुउत्पादक खर्चमा नियन्त्रण गर्न ध्यान दिनु पर्दछ।

९६. **लगबुक बेगरको इन्धन खर्चः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ को ३ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्न पार्टीलाइ इन्धनको बिल भुक्तानी गर्दा सबारी लकबुक राखेको प्रमाण देखिएन । अत कार्यालयले सबारी लगबुकको प्रमाण पेश गर्नु पर्दछ ।

भौचर नं.	पार्टिको नाम	रकम
१३७।२०७६।१०।१०	मा सोनासरी आयल स्टोर	३१२६५२
१९६।२०७६।१२।५	मा सोनासरी आयल स्टोर	२१४८५९
१९७।२०७६।१२।५	अमरेश आयल स्टोर	१५४८३८
२६३।२०७६।२।८	मा सोनासरी आयल स्टोर	३७०४२६
		१०५२८४५.७५

९७. **अनुत्पादक खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ ले अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने उल्लेख गरेको छ। यस कार्यालयले निम्न अनुत्पादक कार्यमा खर्च गरी १०४०३१४ भुक्तानी गरेको देखिन्छ। अत गाउपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ। १०४०३१४

सि.नं.	भौ.च.नं.	कार्यक्रम	रकम

	४१।२०७६।७।२०	इलाका प्रहरी कार्यालय दशै खर्चा	१९५०३
		महाकाली मन्दिर	१५०००
		छठ पर्व सहयोग	१००००
२.	८६।२०७६।८।२९	विवाह पंचमी खर्च	१२००००
३.	९२।२०७६।९।१	विवाह पंचमी माला खरिद	१५०००
४.	१३०।२०७६।१०।२७	कृष्ण जन्माष्टमी १	५०००
५.	२७२।२०७७।२।१९	भइया बाबा पुजा समिति २	२३६५०
६.	२८२।२०७७।२।२६	मावोली स्थानीय पुजा समिति ७	७५०००
७.	२३१।२०७७।२।३०	बाबा भइया पुजापाठ ५	१६९८०
८.	३०८।२०७७।३।१४	माहाकाली पुजापाठ समिति ९	५००००
९.	३६२।२०७७।३।३०	भुइया बाबा ५	७४१८२
१०.	३२।२०७६।६।२८	दुर्गा पुजा समिति १ र २	११००००
११.	३४।२०७६।६।३०	दुर्गा पुजा समिति ४	४३५०००
१२	४०।२०७६।७।१	महेन्द्र मण्डल पुजा	७१०००
		जम्मा	१०४०३१४

९८.	**बढी भुक्तानी** सवारी साधन भाडावापत राजविर यादवलाई भौ.नं. १०२।२०७६।९।१८ मा रु २९०००० खर्च लेखेकोमा तीन महिनाको रु २७०००० मा कर कट्टी गरी २४३००० भुक्तानी दिनु पर्नेमा २७०००० भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रु २७००० सम्बन्धितबाट असुल हुनुपर्ने रु	२७०००
९९.	**बढी भुक्तानी** सवारी साधन भाडावापत राजविर यादवलाई भौ.नं. १८९।२०७६।१२।४ मा रु २०००००।०० खर्च लेखेकोमा २ महिनाको रु १८००००मात्र भुक्तानी दिनु पर्नेमा २०००० बढी भुक्तानी हुन गएको रकम असुल हुनुपर्ने रु	२००००
१००.	राष्ट्रपती रनीङ खेल प्रतियोगीताको लागी भौ.च.नं. २३१।२०७७।१।८ बाट समान खरिदको लागी एस.एस.ट्रेडर्सलाई रु ६८४९०४.३० भुक्तानी दिएकोमा उक्त समान वितरण गरेको भर्पाई पेश भएको देखिएन साथै उक्त कार्यक्रमको लागी विद्यालयलाई समान दिएको भनी उल्लेख गरेकोमा विद्यालयले जिन्सी खाता दाखिला गरेको देखिएन। अत जिन्सी दाखिला तथा वितरणको भरर्पाई पेश हुनुपर्ने रु	६८४९०४.३०
१०१.	**खर्च पुष्टयाई गर्न आधार नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ भने ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयद्धरा भुक्तानी दिदा निम्न निमार्ण तथा खरिद कार्यको खर्चलाई पुष्टयाई गर्ने वास्तबिक कागजात राखेको आधार बेगर भुक्तानी दिएको देखिन्छ। अत खर्च पुष्याई गर्ने कागजात बेगर भुक्तानी दिएको रकमको प्रमाण पेश हुनु पर्ने रु	२२३९०३८

गो.भौन.	योजना वा कार्यको नाम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	कैफियत
३८।२०७६।७।१	व्यहोरा उल्लेख नभएको	अशोक कुमार यादव	३२०००	खर्च प्रमाणित कागजात नभएको
४८।२०७६।७।२२	भ्रमण भत्ता भुक्तानी	राम प्रमोद ठाकुर	२६०८५९	बिल भरर्पाई नभएको
६०।२०७६।८।१	खेल सामाग्री बिल भुक्तानी	एस.एम ट्रेडर्स	३९९९५२	खर्च प्रमाणित गर्ने कागजात नभएको
६७।२०७६।८।२	गाउँपालिका तथा वडा कार्यालय	तारा प्रसाद मण्डल	२७३७५	बिल भरर्पाई नभएको
७३।२०७६।८।५	कार्यक्रम खर्च भुक्तानी	विभिन्न पाँच वटा पर्टीको भुक्तानी	१८९१०९	बिल भरर्पाई नभएको
१३५।२०७६।१०।७	राहात वितरण वडा नं. ३	मुकेश किराना पसल	७५१७५	वितरण गरेको भरर्पाई नभएको
१४२।२०७६।१०।१५	कम्प्युटर मर्मत	हरिओम कम्प्युटर मर्मत केन्द्र	७४,८००	के के मर्मत गरेको विवरण नखुलेको
१५२।२०७६।१०।२८	भ्रमण खर्च भुक्तानी	शम्भु ठाकुर	२००००	भ्रमण आदेश स्विकृत नगरी भुक्तानी लिएको
१५७।२०७६।११।२	दाउरा ढुवानी	कामेशोर महत	१२०००	बुझिलिएको भरर्पाई नभएको
२२३।२०७६।१२।३०	विभिन्न विल भुक्तानी	वडा कार्यालय खर्च	३२४००	बिल भरर्पाई नभएको
		हरिओम कम्प्युटर मर्मत	४६०००	बिल नभएको
२८३।२०७७।२।२६	गाडी मर्मत	जलेश्वरनाथ अटो मोबाइल	२८०००	मर्मत आदेश नभएको

३४२।२०७७।३।२८	अतिथी सत्कार खर्च	लखन मिष्ठान्न भण्डार	१०७२५०	बिल र कार्यक्रम नभएको
३४३।२०७७।३।२८	विभिन्न खर्च बिल भुक्तानी	बिभिन्न पार्टी	११३७७३	खरिद आदेश र दाखिला प्रतिवेदन नभएको
३५५।२०७७।३।३१	परामर्श खर्च	माँ जानकी कम्प्युटर इलेक्ट्रोनिक्स	८१४७३	बिल नभएको र कार्यक्रम यकिन नभएको
३५८।२०७७।३।३१	कार्यक्रम नभएको	कलोथ बैंक धनुषा	३५०००	के काम यकिन नभएको बिल भुक्तानी
३६०।२०७७।३।३१	समि परियोजना साझेदारी	अमन मेडिया सर्भिस	९९६६६	दाखिला नभएको
३६३।२०७७।३।३१	परामर्श खर्च भुक्तानी	सामुदायिक रेडियो दर्पण महोत्तरी त्रिनेन्त्र नेटवर्क प्रा.ली.	६०००० ३५०००	बजाएको सिडि पेस नभएको।
३७७	मेशिनरी समान खरिद	सेक्युर सेकुरिटी सिस्टम जनकपुर	२१७१०१	जिन्सी खाता दाखिला नभएको
३८६	फर्निचर खरिद(५५ जोड)	आदित फर्निचर हाउस	२९२१०५	विद्यालय खातामा दाखिला भएको प्रमाण पेश नभएको
			२२३९०३८	

१०२.	यस कार्यालयले आ.व. ०७६/७७ मा भौ.च.नं. ३७।२०७६।६।३० बाट पदाधिकारी भ्रमण अवलोकन लागी रुपेश कुमार झालाई पेश्की दिई रु ७५०००० खर्च लेखेकोमा लेखा परिक्षणको लागी श्रेष्ता पेश नभएकोले पेश गर्नुपर्ने रु	७,५०,०००
१०३.	**सोझै खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नु पर्नेमा एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धि मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृति समान प्रतिस्पधी मुलयमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले यस वर्ष शिलवन्दी दरभाउपत्र माग नगरी सोझै २५ पटक खरिद गरेको रु. ५०१०५०२.०० नियमसंगत मान्न सकिने आधार नदेखिएको रु	५०१०५०२.००
१०४.	**लागत अनुमान** लागत अनुमान तयार गर्दा लिएको नर्म्सलाई आधारमानी कार्यालयले सम्झौता गरी भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयले लागत अनुमानको नर्म्स विपरित विशेषज्ञ वा परामर्शदाता थप गरेको प्रमाण उल्लेख नगरी सोही सम्झौतालाई आधार मानी कार्यालयले प्राप्त सर्भे रिपोर्टका आधारमा भुक्तानी दिएको देखिन्छ । परामर्श सेवाको दररेट पुनरावलोकन समितिले लागत अनुमानमा आवश्यक पर्ने नर्म्स दररेट निर्धारण गरि कार्य गर्ने स्पष्ट रुपममा अवधि समेत उल्लेख गरेकोमा यस कार्यालयले दररेटमा पेश भएको विवरण अनुसारका बिज्ञ व्यक्तिको कार्य अवधि तोकिएको भन्दा घटी समय कार्य गरेको अवस्थामा समेत सम्झौता वमोजिम कार्य गरेको भनी भुक्तानी दिएको देखिएकोले सम्झौतामा उल्लेखित भन्दा वढी दरले विशेषज्ञ परामर्शदातालाई उपलव्ध गराएको तपसिलमा उल्लेखित रकमको परिमाण पेश नभएकोले यकिन गरी प्रमाण पेश गर्ने अन्यथा असुल हुनु पर्ने देखिएको रु	२३६२१४०।७४

कार्यक्रमको नाम	परामर्शदाताको नाम	बिशेषज्ञ पद	लागत अनुमान अवधि	काम गरेको अविध	फरकबढी दिनको भुक्तानो	दर	रकम
पिपरा गाउँपालिका वडा नं.७,४,१ डि.पी.आर.	इशु इन्जिनियरीङ प्रा.ली.	आर्किटेक्ट १	७५ दिन	२७ दिन	४८ दिन	३१९३।८६	१५३३०५।२८
		स्ट्रक्चर इन्जिनियर १	४५ दिन	२७ दिन	१८ दिन	३१९३।८६	५७४८९।४८
		जियोटेक्निकल इन्जिनयर १	३० दिन	२७ दिन	३ दिन	३१९३।८६	९५८१।५८
		इलेक्ट्रीकल इन्जिनियर १	३० दिन	२७ दिन	३ दिन	३१९३।८६	९५८१।५८
		सिभिल इन्जिनियर २	६० दिन	२७ दिन	३३ दिन	२८४६।६६	१८७८७९।५६
		अन्य कर्मचरी ३	७२ दिन	२७ दिन	४५ दिन	२१८०	२९४३००

		सिनियर सुपरभाइजर १	४५ दिन	२७ दिन	१८ दिन	२१८०	३९२४०
		कार्यालय भाडा	२ महिना	१ महिना	१ महिना	५००००	५००००
		अन्य सुविधा ६	३	३	३	५०००	४५०००
						जम्मा	८४६३७७।४८
पिपरा गाउँपालिका वडा नं.१,३,५,७ डि.पी.आर.	जनकनन्दनी इन्जिनियरिङ जनकपुर-४	आर्किटेक्ट १	७५ दिन	२७ दिन	४८ दिन	३१९३।८६	१५३३०५।२८
		स्ट्रक्चर इन्जिनियर १	४५ दिन	२७ दिन	१८ दिन	३१९३।८६	५७४८९।४८
		जियोटेक्निकल इन्जिनयर १	३० दिन	२७ दिन	३ दिन	३१९३।८६	९५८१।५८
		इलेक्ट्रीकल इन्जिनियर १	३० दिन	२७ दिन	३ दिन	३१९३।८६	९५८१।५८
		सिभिल इन्जिनियर २	६० दिन	२७ दिन	३३ दिन	२८४६।६६	१८७८७९।५६
		अन्य कर्मचरी ३	७२ दिन	२७ दिन	४५ दिन	२१८०	२९४३००
		सिनियर सुपरभाइजर १	४५ दिन	२७ दिन	१८ दिन	२१८०	३९२४०
		कार्यालय भाडा	२ महिना	१ महिना	१ महिना	५००००	५००००
		अन्य सुविधा ६	३	३	३	५०००	४५०००
						जम्मा	८४६३७७।४८
पिपरा गाउँपालिका वडा नं.२ डि.पी.आर.	धनुष इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली. ललितपुर	आर्किटेक्ट १	७५ दिन	२७ दिन	४८ दिन	२७२७।२०	१३०९०५।६०
		स्ट्रक्चर इन्जिनियर १	४५ दिन	२७ दिन	१८ दिन	२७२७।२०	४९०८९।६०
		जियोटेक्निकल इन्जिनयर १	३० दिन	२७ दिन	३ दिन	३१९३।८६	९५८१।५८
		इलेक्ट्रीकल इन्जिनियर १	३० दिन	२७ दिन	३ दिन	२७२७।२०	८१८१।६०
		सिभिल इन्जिनियर २	६० दिन	२७ दिन	३३ दिन	२३८०	१५७०८०
		अन्य कर्मचरी ३	७२ दिन	२७ दिन	४५ दिन	१७१६	२३१६६०
		सिनियर सुपरभाइजर १	४५ दिन	२७ दिन	१८ दिन	१७१६	३०८८८
		कार्यालय भाडा	२ महिना	१ महिना	१ महिना	२५०००	२५०००
		अन्य सुविधा ६	३	३	३	३०००	२७०००
		जम्मा					६६९३८५।७८
कुल जम्मा							२३६२१४०।७४

परामर्शदाताको आवश्यक्ता हो वा होइन र परामर्श दाताले वुझाएको रिपोट मै वास्तविक फिल्ड अनुगमन सर्वेक्षण गरेर गरेको हो वा कार्यालयले विगतका तथ्याङ.कहरु उपलव्ध गराई दिएर सोही अनुसार तयार गरेको हो भन्न सकिएन । अतः यस्ता कार्यमा कार्यालयले वास्तविक अवस्थाको एकिन गरी जति अवधि कार्य गरेको हो त्यसको मात्र मूल्याङ.कन गरी वांकी कार्यको भुक्तानीको समेत यकिन हुनुपर्दछ ।

१०५.	गाउपालिका कार्यालयले सामाजिक सुरक्षा कार्यको डाटा प्रबिष्टी भनी भौचर न ८१।२०७६।८।१०बाट रु २४९९९५।५५र भौचर न ८२।२०७६।८।१बाट रु १९९९९८।०० गरी जम्मा रु ४४९९९३।५५ ग्रामिण सामुदायीक समाजलाइ भुक्तानी गरेको देखिन्छ । कार्यालयमा सरकारी कामको डाटा प्रबिष्टी गर्नको लागी आईटी अफिसर र सहायक सम्म राखी सकेको अवस्थामा सामाजिक सुरक्षा डाटा प्रबिष्टी वापत बाहय सस्थालाइ भुक्तानी दिएको खर्च वास्तविक हो भन्न सकिने अवस्था देखिएन ।अत कार्यालयसग आफनो सोत भएको अवस्थामा समेत बाहय सेवा लिइ खर्च गरेको रकम नियम सगत नदेखिएको रु	४४९९९३।५५
१०६.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा कुनै रकमको खर्च गर्दा खर्चको विल भरर्पाई राख्नुपर्ने व्यवस्था छ। कार्यालयले गत आर्थिक बर्षको भुक्तानी बाकी भनी भौचर न २१।२०७६।६।१० बाट खर्च लेखेको रु २६५४८०।२० के कसको लागी खर्च लेखेको हो खुल्ने बिल भरपाइ र प्रमाण देखिएन । अत कार्यालयले खर्चकोको प्रमाण पेश गर्नु पर्ने रु	२६५४८०।२०
१०७.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले इलेक्टोनिक्श बजार एण्ड सप्लायर्स बाट भौचर न ३७२।२०७७३।३१ मा रु ३९६५४९।४३ को खरिद गरिएका ७ प्रकारका कम्प्युटर समान जिन्सी खातामा दाखिला गरेका देखिएन । अत कार्यालयले दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु	३९६५४९।४३
१०८.	**पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिमा मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुनेगरी उक्त सुविधाहरु खारेज गरिएको छ।जस अनुसार २ नम्बर प्रदेश सरकारले २०७७।३।३१ मा प्रकाशन गरेको राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ अनूसूचि ख बमोजिम सुबिधा नपाएको मिति पश्चात पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधामा यस बर्ष खर्च लेखेको छैन र २०७६ कार्तिक १ अघि ३ महिनाको मासिक सुविधा बापत पदाधिकारीलाइ १६८६००० भुक्तानी भएको छ ।	
१०९.	ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७६।७७ मा ७ वडामा बितरण गर्न रु ९०९८८८००।००खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन ।	
११०.	**बिधुतीय माध्यमबाट भत्ता बितरण—** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा २५ (क) मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको बिवरण अनुसुची—१३ बमोजिमको चौमासिक रुपमा सम्बन्धित स्थानिय तहलाई बिधुतीय माध्यमबाट अनिवार्यरुपमा पठाउनु पर्ने र यसै बिवरणलाई भत्ता बितरण भएको भरपाई मानिने ब्यवस्था छ । यस गाँउपालिका कार्यालयले सामाजिक सुरक्षा भत्ता बितरणको लागी देहाय बैंकमा बितरणको लागी पठाएको तिन किस्ताको रकम बितरण गरी अनुसुची १३ बमोजिमको चौमासिक बिवरण बैंकले पठाएको नदेखिएकोले समयभित्र रकम बितरण भए नभएको ,बितरण नभएको मौज्दात रकम बैंकमा रहे नरहेको एकिन गरी फिर्ता गर्न बाँकी भए बेरुजु खातामा दाखिला हुनुपर्दछ।	
१११.	**राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण** भौ न १८ मिति २०७७।३ ३१ सञ्चार महसुल वापत रामकरण महरा लाई दिएको पेश्कि रु ८३००० फर्छ्यौट गर्दा रु ६४९८० को विल भर्पाइ मात्र देखिएकोले बाँकि रकम असुल गर्नुपर्ने रु	१८०२०
११२.	**भ्रमण भत्ताः** भ्रमण खर्च नियमावली २०६४ अनुसार बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारी यस नियमावलीबमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चिस प्रतिशत रकम भुक्तानी पाउनेछ भन्ने व्यवस्था भएकोमा भौ च नं १७ मिति २०७७।३।३१ एम आई एस अपरेटर राजु साह सासु भत्ता पाउने सेवाग्राहिको एम आई एस इन्ट्री गर्नेका लागि	

देहाय वडामा गइ कार्य गरको भनि लिएको दैनिक भ्रमण भत्ता तथा अन्य खर्च सोहि गाउँपालिका एकैदिन गई फर्कने अवस्था देखिएकोले नियम अनुसार बढी भुक्तानी भएको दैनिक भ्रमण भत्ता अनियमित भएको देखिएको असुल हुनुपर्ने रु ८२४००।

गएको वडा नं	दैनिक भत्ता	दिन	दैनिक भत्ता जम्मा रकम	भ्रमण खर्च	फुटकर खर्च	जम्मा रु
६	१२००	७	८४००	२०००	२०००	१२४००
४	१२००	७	८४००	१०००	२०००	११४००
१	१६००	७	११२००	०	२०००	१३२००
६	१२००	७	८४००	०	२०००	१०४००
५	१२००	७	८४००	०	२०००	१०४००
१	१६००	७	११२००	१०००	२०००	१४२००
४	१२००	७	८४००	०	२०००	१०४००
जम्मा						८२४००

११३. **अनुगमन** – गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

११४. यस डोर मूकाम माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।

सि न	बिबरण
१	कोभिड १९ बिशेष लेखापरीक्षणको लागी स्थानिय तहबाट तयार गरेको प्रश्नाबली बिबरण
२	लेखापरीक्षणको क्रममा उपलब्ध गराइका फर्मेट बिबरण

११५. **सम्परीक्षण:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाउपालिकाले यस वर्ष बेरुजु रु ३०९४२० फस्यौट गरी सम्परीक्षणको लागी अनुरोध भै आएकोमा निर्णयअनुसार फछ्र्यौट नभएको जानकारी दिएको निम्नअनुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फस्यौट नभएको कारण
१	२०७५।७६	३६	उपाअध्यक्षय तथा अन्य १३ जनाको बैठक भत्ता	२१४२०	बेरुजुमा उल्लेख भएबमोजिम प्रमाण पेश भै नआएको
२	२०७५।७६	२७	२० जना कर्मचारीले बुझिलिएको यातायात खर्च	१६०००	बेरुजुमा उल्लेख भएबमोजिम प्रमाण पेश भै नआएको
३	२०७५।७६	३०	नर्मस भन्दा बढी भुक्तानी	१२०००	बेरुजुमा उल्लेख भएबमोजिम प्रमाण पेश भै नआएको
४	२०७५।७६	६५	पेश्की बाकी फिर्ता नभएको	१६००००	बेरुजुमा उल्लेख भएबमोजिम प्रमाण पेश भै नआएको

	५	२०७५।७६	६५	बंशिधर शर्माको कार्यक्रम नभएको पेश्की	१०००००	बेरुजुमा उल्लेख भएबमोजिम प्रमाण पेश भै नआएको	
११६.	**सञ्चित कोष तथा बेरुजुको स्थितिः** गाउपालिकाको सञ्चितकोषको बिबरण,बेरुजु (बिनियोजन,राजश्ब,धरौटी र अन्य कारोबार) बर्गिकरण र अद्यावधिक बेरुजुको स्थिति क्रमश अनुसुचि १, अनुसुचि २ र अनुसुचि ३ मा समावेश गरिएको छ ।						

स्थानीय संचितकोष विवरण

२०७६/७७

अनुसूचि १

(रु हजारमा)

सि.न.	स्थानियतह	जिल्ला	आय									व्यय				मौज्दात
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजु प्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	६	७	८	९(६+७+८)	१०(१+६-९)
१	पिपरा गाउपालिका	महोत्तरी	११२०९७९	४२५६५०	३७.३७	६०६	३१२००४	४९३३३	९८४९	२६४०५२	६३५२३८	२०३१८७	१९९१२६	८३४२८	४८५७४१	१५०१०३

बेरुजु वर्गीकरण (विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार)

२०७६/ ७७

अनुसूची-२

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	पिपरा गाउपालिका	महोत्तरी	५५	६०	४२५६५०	०	०	०	५५	६०	४२५६५०	४८५१	४२२३७	१०३१७३	१५७२९८	०	३०२७०८	४२८७१	७५२२०	११८०९१

अद्यावधिक बेरुजु स्थिति

२०७६/७७

अनुसूची-३

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	गत बर्ष सम्मको बाँकी वेरुजु	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
१	पिपरा गाउपालिका	महोत्तरी	११८१६९	१२	११८१८१	३०९	०	३०९	०	११८१८१	४२५६५०	५४३८३१	१३६७९३